# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक

योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर

तह (एम.एड.) द्वितीय वर्षको आंशिक

आवश्यकता परिपूर्तिका लागि

प्रस्तुत

## शोध पत्र


शोधार्थी

नाम : गजेन्द्र नेपाली

त्रि.वि. दर्ता नं. : ९-३-२०४-१७५-२००७

परीक्षा रोल नं. : २०४००२५/२०६६

क्याम्पस रोल नं. : ६२



कन्काई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा

२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७३/०९/१६

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **गजेन्द्र नेपाली**ले मेरो प्रत्यक्ष निर्देशनमा **दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(मोहन प्रसाद ओली)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०४

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **गजेन्द्र नेपालीले दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..............................

२. मोहन प्रसाद ओली
शोध निर्देशक ..............................

३. उप-प्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..............................

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोध पत्र तयार पारिएको हो । 'दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव' शीर्षकभित्र रहेर यो शोधकार्य भएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह सुझाव, हौसला एवं मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु तथा शोध निर्देशक श्री मोहनप्रसाद ओलीप्रति हार्दिक आभार प्रकट गर्दछु । सल्लाह सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरु विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीप्रति आभारी छु । स्थलगत अध्ययनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण विद्यालयका वि.व्य.स. अध्यक्षज्यूरू, प्र.अ. तथा शिक्षकवर्ग अभिभावक र सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मलाई यस उच्च शिक्षा अध्ययनसम्म तन, मन र धनले अवसर सिर्जना गरिदिनुहुने मेरा पूज्य आमा बुबाप्रति म सधैं ऋणी छु ।

अन्त्यमा, शोधपत्रको सुसाङ्ख्य टङ्कण कार्यमा सहयोग गर्ने खनाल कम्युनिकेशन विर्तामोडकी सञ्चालिका श्री शकुन्तला खनाल तथा प्रस्तावना लेखनदेखि शोधकार्य सम्पन्न गर्दासम्म शोधको प्राविधिक एवम् भाषिक पक्षमा सहयोग पुऱ्याउनुहुने मित्र चेतामणि खनालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

गजेन्द्र नेपाली

# *शोधसार*

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि 'दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव' शीर्षकमा यो शोध पत्र तयार गरिएको छ । यसो मुख्य उद्देश्य दलित छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको अवस्थाका साथै सिकाइ उपलब्धिमा पारेको प्रभाव समेत पत्ता लगाउनु हो ।*

*यस अध्ययनलाई पूरा गर्ने सन्दर्भमा झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तर्गत माध्यमिक तह सञ्चालन गरेका तीनवटा सामुदायिक विद्यालयहरुलाई छनौट गरी त्यसैभित्र अध्ययनको परिसीमा निर्धारण गरिएको छ । यस अध्ययनलाई सम्पन्न गर्नको लागि गुणात्मक र परिमाणात्मक दुवै विधिरूलाई मिश्रित रूपमा उपयोग गरिएको छ । विद्यालय सर्वेक्षण फारम, प्रश्नावली, छफफल, अवलोकन अन्तर्वार्ता आदि प्राथमिक साधनबाट प्राथमिक तथ्याङ्क र विद्यालयको तथ्याङ्क विवरण फारम, प्रगति विवरण, हाजिरी विवरण, शोधपत्रहरू, पुस्तक लेखरचनाहरू कार्यान्वयन निर्देशिका, निकाशा विवरण, विद्यालय सञ्चालन हाते पुस्तिका आदिका माध्यमबाट द्वितीय तथ्याङ्कको संकलन गरिएको छ । वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई प्रश्नावली भराइएको छ । सङ्कलन गरिएका तथ्याङ्कहरूलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिका, ग्राफ, चार्ट, प्रतिशत, औसतका आधारमा व्याख्या, विश्लेषण गरी अध्ययनलाई अघि बढाइएको छ । दलित छात्रवृत्ति कार्यक्रममा सम्बन्धित बालबालिकाहरूको छनोट पक्रिया, कक्षोत्तीर्णदर, कक्षा छाड्ने दर, कार्यान्वयन निर्देशिका सम्बन्धी धारणा र यसको पालना, सबल र दुर्बल पक्ष आदि विभिन्न शीर्षकरूमा सरोकारवालाबाट प्राप्त भएका प्रतिक्रियाहरूलाई विभिन्न तालिका र चार्टको माध्यमबाट अघि बढाइएको छ ।*

*व्याख्या विश्लेषणबाट प्राप्त भएको नतिजाबाट यस कार्यक्रमले बालबालिकाहरूमा शैक्षिक चेतनामा वृद्धि गरी भर्नादर बढाउने, कक्षा छाड्नेदर घटाउने, विद्यालय नियमितता बढाउने, कक्षोत्तीर्ण दर बढाउने जस्ता सकारात्मक प्रभाव पारेको पाइयो । दलित विद्यार्थीहरुको औसत विद्यालय उपस्थिति र कक्षोत्तीर्ण दर अन्य विद्यार्थी सरह रहेको पाइयो । दलित विद्यार्थीहरुको बीचैमा कक्षा छोड्ने प्रवृत्तिमा तुलनात्मक रुपमा शैक्षिक वर्ष २०७१ मा कमी आएकोले छात्रवृत्ति कार्यक्रमको कारण विद्यालय नियमिततामा वृद्धि*

*भएको पाइयो । सिकाइ उपलब्धि वृद्धिमा देखिएका समस्याहरुमा छात्रवृत्ति वितरणको समय अनुपयुक्त भएको, अभिभावकमा चेतनाको कमी रहेको, दलित विद्यार्थीको पारिवारिक आयस्थिति कमजोर रहेको, दलित विद्यार्थीहरुको कक्षा छोड्नेदर उच्च रहेको, छात्रवृत्ति नगदमा वितरण गर्ने व्यवस्था भएकाले छात्रवृत्ति रकमको दुरुपयोग हुने गरेको पाइयो ।*

*यस दलित छात्रवृत्ति कार्यक्रम मार्फत विद्यार्थीहरुको सिकाइ उपलब्धि अझ वृद्धि गर्न योजना, व्यवस्थापन र कार्यान्वयन पक्षमा धेरै सुधार गर्नुपर्ने तथ्यलाई यस अध्ययनमा समावेश गरिएको छ । बढ्दो शैक्षिक लागतलाई ख्याल गरी छात्रवृत्ति रकममा वृद्धि गर्नुपर्ने, छात्रवृत्ति वितरण प्रक्रियालाई पारदर्शी बनाउनु पर्ने, अनुगमन, परामर्श र मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित बनाउनुपर्ने, समाजको प्रवुद्ध वर्गलाई वितरण कार्यमा संलग्न गराउनुपर्ने, चेतना र सूचनामूलक कार्यक्रमहरू सञ्चालन हुनु पर्ने, सञ्चारमाध्यमबाट सूचनाको प्रवाह गरिनुपर्ने, विशिष्ट प्रतिभा भएका दलितहरूलाई चाहेको विषय र तहसम्म छात्रवृत्ति कोटामा अध्ययनको व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहमा यसलाई सञ्चालन, अनुगमन, मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्रको विकास गर्नुपर्ने र नगद लगायत आवश्यक शैक्षिक सामग्रीलाई एकीकृत छात्रवृत्तिको रुपमा अघि बढाउनुपर्ने जस्ता सुझावरू यस अध्ययनले पेश गरेको छ ।*

*बालबालिकहरूलाई मौद्रिक रूपमा दिइने प्रोत्साहन रकमले बालबालिकाको शैक्षिक उपलब्धि वृद्धिभन्दा अभिभावकको आर्थिक समस्या सुल्झाउन बढी मद्धत गर्ने गरेकाले वास्तविक अर्थमा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि गरी उनीहरुलाई अन्य विद्यार्थीसँग प्रतिस्पर्धामा आउन सक्षम बनाउन समय सापेक्ष रुपमा छात्रवृत्तिको परिमाणमा वृद्धि गर्दै विद्यार्थीहरुको आवश्यकता अनुरुपका शैक्षिक सामग्रीहरु यथासमयमा वितरण गर्ने नीति निर्माण गरी कार्यान्वयन गरेमा यो छात्रवृत्ति कार्यक्रम अझ प्रभावकारी बन्ने निष्कर्ष निकालिएको छ ।*

# विषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

विषय सूची

तालिका सूची

## परिच्छेद एक : परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धात्मक प्रश्नहरू | ९ |
| १.६. | अध्ययनका परिसीमाहरू | ९ |
| १.७. | प्राविधिक पदावलीहरूको परिभाषा | १० |

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | सैद्धान्तिक खाका | १४ |
| २.२.१ | मानव सम्बन्ध सिद्धान्त | १४ |
| २.२.२ | विकेन्द्रीकरणको सिद्धान्त | १७ |
| २.३ | अध्ययनको उपादेयता | १८ |

## परिच्छेद तीन : अध्ययनको विधि तथा प्रकृया

| | | |
|---|---|---|
| ३.१. | अनुसन्धान ढाँचा | २० |
| ३.२ | जनसङ्ख्या र नमुना | २० |

| | | |
|---|---|---|
| ३.२.१ | जनसंख्या | २० |
| ३.२.२ | नमुना | २० |
| ३.२.३ | नमुनाको आकार | २१ |
| ३.२.४ | नमुना छनोट प्रक्रिया | २१ |
| ३.३ | तथ्याङ्कको स्रोत | २२ |
| ३.३.१ | प्राथमिक स्रोत | २२ |
| ३.३.२ | द्वितीय स्रोत | २२ |
| ३.४ | अनुसन्धानका साधनहरू | २२ |
| ३.४.१ | प्रश्नावली | २२ |
| ३.४.२ | अवलोकन फाराम | २३ |
| ३.४.३ | अभिलेख अध्ययन | २३ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | २३ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २४ |


**परिच्छेद चार : नतिजाको छलफल**


| | | |
|---|---|---|
| ४.१ | दलित छात्रवृत्ति कार्यान्वयनको अवस्था | २५ |
| ४.१.१ | छात्रवृत्ति वितरण छनौट आधार सम्बन्धी धारणा | २५ |
| ४.१.२ | छात्रवृत्ति रकमको पारदर्शिता | २६ |
| ४.१.३ | छात्रवृत्ति वितरणका आधारहरू | २८ |
| ४.१.४ | छात्रवृत्ति कार्य सञ्चालन निर्देशिका सम्बन्धी धारणा | २९ |
| ४.१.५ | कार्यक्रम कार्यान्वयमा जि.शि.का.को भूमिका | ३० |
| ४.१.६ | छात्रवृत्ति रकमको पर्याप्ता/अपर्याप्तता | ३१ |
| ४.१.७ | दलित छात्रवृत्तिको सदुपयोगको स्थिति | ३२ |
| ४.१.८ | दलित छात्रवृत्ति कार्यक्रमको विविध पक्षहरूको विश्लेषण | ३४ |
| ४.२ | दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव | ३९ |
| ४.२.१ | सामुदायिक विद्यालयमा दलित विद्यार्थीहरूको वर्तमान स्थिति | ३९ |
| ४.२.२ | विद्यार्थी नियमितता | ४२ |
| ४.२.३ | दलित विद्यार्थीरूको कक्षोत्तीर्ण अवस्था | ४५ |

४.२.४ बीचैमा कक्षा छाड्नेदर ४८

४.३ सिकाइ उपलब्धिमा देखा परेका समस्याहरू ५०

४.३.१ छात्रवृत्ति वितरणको समय अनुपयुक्त हुनु ५१

४.३.२ अभिभावकमा चेतनाको कमी ५१

४.३.३ पारिवारिक आयस्थिति ५१

४.३.४ उच्च कक्षा छोड्नेदर ५२

४.३.५ छात्रवृत्ति नगदमा वितरण गर्ने व्यवस्था ५२

४.४ छात्रवृत्तिको माध्यमबाट सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरू ५२

४.४.१ शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनु पर्ने ५२

४.४.२ अभिभावकलाई सचेत बनाउने ५३

४.४.३ आयमूलक कार्यक्रमको व्यवस्था ५३

४.४.४ विद्यालय उपस्थितिमा नियमितता ५३

४.४.५ छात्रवृत्तिको रुपमा शैक्षिक सामग्री वितरण गर्ने व्यवस्था ५३

४.५ प्राप्ति ५३

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू**

५.१ निष्कर्ष ५६

५.२ सुझावहरू ५६

५.२.१ नीति निर्माण तहका लागि सुझाव ५६

५.७.२ अभ्यास तहका लागि सुझावहरू ५७

५.७.३ अनुसन्धान तहका लागि सुझावहरू ५७

**सन्दर्भ ग्रन्थ सूची**

**अनुसूचीहरू**

# तालिका सूची


| | |
|---|---|
| तालिका १ : नमुनाको आकार | २१ |
| तालिका २ : छनौट आधार सम्बन्धी धारणा | २६ |
| तालिका ३ : छात्रवृत्ति रकमको पारदर्शिता | २७ |
| तालिका ४ : छात्रवृत्ति कार्यान्वयन निर्देशिका सम्बन्धी अवधारणा | २९ |
| तालिका ५ : जि.शि.का. बाट भएका नीति नियम निर्देशन सम्बन्धी कार्यहरु | ३० |
| तालिका ६ : छात्रवृत्ति रकमको पर्याप्तताको विवरण | ३२ |
| तालिका ७ : छात्रवृत्ति रकमको सदुपयोगको स्थिति | ३३ |
| तालिका ८ : विद्यार्थी विवरण (शै. वर्ष २०७०) | ४० |
| तालिका ९ : विद्यार्थी विवरण (शै. वर्ष २०७१) | ४१ |
| तालिका १० : विद्यार्थी उपस्थिति विवरण (शै. वर्ष २०७०) | ४३ |
| तालिका ११ : कक्षोत्तीर्ण दर (२०७०) | ४६ |
| तालिका १२ : कक्षोत्तीर्ण दर (२०७१) | ४७ |
| तालिका १३ : कक्षा छाड्नेदर (शै.स. २०७०) | ४९ |
| तालिका १४ : कक्षा छाड्नेदर (शै.स. २०७१) | ५० |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई मानव विकासको सबैभन्दा महत्त्वपूर्ण साधनको रूपमा लिइएको छ । यसकै माध्यमबाट व्यक्तिको व्यक्तित्त्व निर्माण, सामाजिक, आर्थिक र उपयुक्त जीवनशैली निर्धारण गर्ने जस्ता महत्त्वपूर्ण पक्षको उचित विकास हुने गर्दछ । यसै कुरालाई मध्यनजर गरी सन् २०१५ सम्ममा 'सबैका लागि शिक्षा' भन्ने कार्यक्रमलाई नेपाल सरकारले समेत अङ्गीकार गरेको पाइन्छ (CEIR, पेज १) ।

मानव विकासको क्रमसँगै औपचारिक वा अनौपचारिक रूपमा सिक्ने र सिकाउने कार्यको पनि शुरुवात भएको अनुमान गरिएको छ । आदिम मानवहरू पनि आफ्नो जीवन रक्षा र आहारको लागि सिकार गर्ने गर्थे र यस प्रक्रियामा एकले अर्कालाई यस्ता सिपहरू सिकाउने गर्दथे । आज यही सिकाइको क्रम विकसित, परिमार्जित र समयानुकुल बन्दै विज्ञान र प्रविधिसँग केन्द्रित बन्दै गएको छ । आज शिक्षा आम नागरिकहरूको मौलिक अधिकारको रूपमा स्थापित हुँदै मानव मात्रको अपरिहार्य आवश्यकताको वस्तु बनिसकेको छ । मानिसले आफ्नो पहिचान र अस्तित्व रक्षाका लागि आम्दानीको सबैभन्दा ठूलो हिस्सा यही शिक्षा क्षेत्रमा खर्च गर्दै आइरहेको छ । यही शिक्षाकै माध्यमबाट मानिसले आफ्नो गाँउ समाज र राष्ट्रको साँघुरो सीमालाई पार गर्दै आएको पाइन्छ ।

आजको मानव समुदायको पहिलो आवश्यकता समयसापेक्ष शिक्षा बनेको छ । यसरी विश्वव्यापी रूपमा स्थापित भइसकेको शिक्षाको आवश्यकतालाई नेपाल सरकारले पनि स्वीकार गर्दै नेपालको सङ्घीय संविधान २०७२ मा शिक्षालाई मौलिक अधिकारको रूपमा मान्यता प्रदान गरिएको छ । समयसापेक्ष रूपमा गुणात्मक एवं प्राविधिक शिक्षा हासिल गरी समयको गतिसँगै अघि बढ्न सक्ने सुअवसर प्राप्त गर्न सक्नु आम नागरिकको नैसर्गिक अधिकार हो । यदि कुनै पनि नागरिकले यस्तो अवसरलाई प्राप्त गर्न नपाएमा उनीहरू समाजको मूल प्रवाहमा आउन नसकी समाजको पछौटे वर्गमा समाहित हुन पुग्दछन् । तथापि आज नेपालको परिवेशमा आम नागरिकहरूले युगानुकुल शिक्षालाई सहज र सरल रूपमा प्राप्त गर्न नसकिरहेको तीतो यथार्थ छर्लङ्ग छ ।

नेपाली वर्णव्यवस्था र हिन्दू परम्परा अनुसार नेपाली समाज जन्मकै आधारमा विभिन्न जात र वर्णमा विभाजित छ। नेपालको इतिहासलाई अध्ययन गर्दा राजा जयस्थिति मल्लको पालादेखि नै कामको आधारमा शुरु भएको श्रम विभाजन विस्तारै सिप र क्षमताको आधारमा नभई जन्मको आधारमा विकसित हुँदै आजको अवस्थासम्म आइपुगेको छ। यस परम्पराबाट श्रम विभाजन गरी दक्षता हासिल गर्ने सन्दर्भमा केही हदसम्म सकारात्मक भूमिका निर्वाह गरेको देखिए तापनि समग्रतामा अमानवीय प्रकृतिका सामाजिक समस्या र विकृतिहरूको सिर्जना गर्न प्रेरित गरेको देखिन्छ। यही सामाजिक संरचनाकै आड लिएर केही जातजातिहरूलाई अछुत जात मानी छुवाछुत जस्तो अमानवीय व्यवहारलाई बढावा दिएको पाइन्छ। नेपाली वर्ण व्यवस्थाले कामी, दमाईं, सार्की, चमार, डुम, पोडे, खतवे, वाँतर, धोवी, सन्थाल जस्ता थुप्रै जातिरूलाई कथित अछुत वर्गको रूपमा समावेश गरेको छ। नेपालको सङ्घीय संविधान २०७२ ले यिनै अछुत जातजातिका मानिसहरूलाई दलित भनी परिभाषित गरेको छ। नेपालको मुलुकी ऐन २०२० ले कानुनी रूपमा छुवाछुत अन्त्य भएको घोषणा गर्दै छुवाछुत सम्बन्धी व्यवहारलाई निन्दनीय र दण्डनीय भनेको भए पनि व्यवहारिक रूपमा यो कार्यान्वयन हुन सकिरहेको छैन। यसरी समाजमा अपहेलित रूपमा बस्नुपर्ने भएकोले समाजका विभिन्न क्रियाकलापहरूमा यिनीहरूको समान पहुँच र अवसर रहन सकेको छैन। यसमध्ये पनि शिक्षा चेतना र विकासको आधारस्तम्भ नै भएकोले र शिक्षामा उनीहरूको पहुँच प्रभावकारी हुन नसक्दा समाजका अन्य क्रियाकलापमा पनि यिनीहरूको पहुँच अन्य जातिहरूको तुलनामा न्यून नै रहेको देखिन्छ।

Schooling and the Dalit of Nepal : A Case Study of Bungkot Dalit Community नामक International Education Department of Education Policy Studies, Demonton, Albetra मा पेश गरिएको प्रतिवेदनले उल्लेख गरे अनुसार इतिहास कालदेखि दलित भनिनेहरू हिन्दू धर्मग्रन्थहरूमा शुद्र मानिएका छन्। तिनीरूलाई ज्ञानको कुरा सुन्न नपाइने भन्ने तत्कालीन आम मान्यता ग्रन्थहरूमा आधारित थियो। त्यसैले शुद्रहरू शिक्षित हुन नसकी आर्थिक दृष्टिले समेत निरपेक्ष गरिबीको रेखामुनि रहेकोले तिनीहरूको पहुँच हरेक क्षेत्रमा नभएको हो भन्ने कुरा उल्लेख गरिएको छ। एक पटक दलितलाई मौका दिएर हेरेको खण्डमा

तान्जानियाँमा भए जस्तै यहाँ पनि दलितहरूमा आत्मविश्वास बढ्नेछ । खाली पण्डित्याइँ देखाउने मात्र नभएर ज्ञानको प्रसारण गरिनु पर्छ, । गरिबहरूका लागि प्रथमतः सन्देशमूलक विद्यालय खोलिनु पर्दछ जसमा दलितहरूले आफ्नो दलित्याइँको अरु जातिका मानिससँग बसेर वहस गर्न सकुन् । दोस्रो कुरा सहयोगात्मक अनुसन्धानद्वारा उनीहरूले विद्यालयमा के परिवर्तन गर्न चाहेका छन् सो कुरा बुझ्नु पर्दछ । दलितहरूका लागि राम्रो विद्यालय व्यवस्थापन गर्न कृषि क्षेत्रमा छोटो समयका कक्षाहरू र अन्य क्षेत्रमा लामो समयका कक्षाहरू खोलिनु पर्दछ । तब मात्र बालबालिकालाई लाभ प्रदान गर्न सकिन्छ भन्ने विचार सो कृतिमा व्यक्त गरिएको छ । तर दलित विद्यार्थीहरू विद्यालयमा भोकै जान नपर्ने, खानाको कमी नहुने अवस्था सिर्जना हुनु आवश्यक छ । विद्यालयको समय परिवर्तन एउटा बाटो भेटिएको छ भने अर्को पक्ष चाहिं विभिन्न शीर्षकका माध्यमबाट आर्थिक सहयोग रहेको छ । विभिन्न उमेरका दलित बालबालिकाका लागि बहुकक्षा शिक्षणको प्रयोग गर्न शिक्षकलाई थप तालिम दिइनु पर्छ । उनीहरूलाई पृथक प्रकृतिका सहयोग वा छात्रवृत्तिद्वारा विद्यालयप्रति आकर्षित गराइनु पर्दछ । पढाउँदा कसरी सिकाउन सकिन्छ भन्ने कुरामा बढी ध्यान दिँदै सिक्न नसकेका कुराहरू उनीहरूको अभिावकलाई भन्नु जसबाट दलितहरूको भनाइमा अन्तरजातीय मित्रताद्वारा भेदभाव हटाउन सकियोस् । दलित छात्रछात्राहरूको उन्नति गराउन शिक्षकहरूको विद्यालयप्रतिको लापरवाही आलोच्य  छ । तर मजदुरी गर्न दलितहरू आफ्ना सन्तानलाई राम्रो शिक्षाको बारेमा सम्झाउन सक्दैनन् । सिक्ने जालो र आमूल परिवर्तन गर्न Radical Government ले मात्र सक्छ । जहाँ संक्रमणकालीन अवस्थाको मात्र राज्य छ त्यहाँ विद्यालयमा आमूल परिवर्तन आउन सक्दैन भन्ने कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ (कोइराला, १९९६) ।

शिक्षा नियमावली (२०५८) को सातौं संसोधन (२०६६) मा दलित तथा जनजातिहरूलाई छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धमा गरिएको व्यवस्था अनुसार विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीरूलाई क्रमशः शत प्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु  पर्नेछ ।

माथिको उप-नियम (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशित गर्नु पर्नेछ । यसरी विद्यालयमा दलितहरूको बीचैमा विद्यालय छाड्ने प्रवृति निरुत्साहित गर्न निम्न बमोजिम व्यवस्था भएको देखिन्छ ।

**निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने**

१. सामुदायिक विद्यालयले गरिबीको रेखा मुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्नेछ ।

२. उपनियम १ बमोजिम निःशुल्क शिक्षा उपलब्ध गराउने प्रयोजनका लागि विद्यालयले त्यस्तो निःशुल्क शिक्षाका लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशित गर्नु पर्नेछ (शिक्षा नियमावली २०६६) ।

दलित समुदायको शिक्षामा पहुँच पुऱ्याउन शिक्षा ऐन तथा नियमावली संशोधनका लागि सरोकारवालाहरूसँग सुझाव सङ्कलन सम्बन्धी अन्तरक्रिया (२०६७ श्रावण २५ गते, http// www.org.np.news) मा कार्यक्रमका सरोकारवाला विभिन्न वक्ताहरूले यस सन्दर्भमा आ-आफ्नो राय प्रस्तुत गरेका छन् ।

यसै समस्याको समाधानार्थ नेपाल सरकारले सामुदायिक विद्यालयरूमा उनीहरूको शैक्षिक पहुँचमा वृद्धि गर्न र सामाजिक विकासमा अघि बढाउनको लागि अन्य पछौटे वर्ग, अपाङ्ग जस्तै दलितहरूको लागि पनि छात्रवृत्ति कार्यक्रमलाई अघि बढाएको छ । यससलाई उच्च शिक्षामा पनि कोटा प्रणालीको आधारमा लागू गरी उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने उद्देश्य राखेको छ । यसका अलावा शिक्षा मन्त्रालयले आफ्नो सरोकारवालाहरूको छलफलमा यसलाई आवश्यकताको आधारमा कोटा निर्धारण गरी अझ सशक्त बनाउन प्रयास समेत गरेको देखिन्छ (Posted: Jan-2011/ Category: Scholarships) ।

यस कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने गराउने सन्दर्भमा विभिन्न स्थानमा विविध प्रकारका समस्याहरूको सामना समेत गर्नु परेको यथार्थ विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक भएका छन् । यस सन्दर्भमा केही गैर दलित नागरिकहरूले आफ्नो थरमा परिवर्तन गरी दलित छात्रवृत्तिको सुविधा गैरकानुनी रूपमा प्राप्त गर्न प्रयास गरेको पाइन्छ । वाग्लुङ्ग, ताप्लेजुङ्ग र मकवानपुरमा यस्ता

घटनाहरूले पूर्ण छलफल र वहसको विषय समेत बनाएको पाइन्छ (http//www. gorkhapatra.org.np/detail(?article-id= 1065& cat id=8)।

नेपालमा छात्रवृत्ति वितरणको इतिहास केलाउँदा पृथ्वी नारायण शाहको पालामा नै केही विद्यार्थीलाई संस्कृत र फारसी अध्ययन गर्न भारतमा पढ्न पठाएको पाइन्छ। त्यस समयमा वैयाकरण केशरीलाई मासिक रु ५० रूपैयाँ र बुद्धिमान सिंहलाई २० रूपैयाँ छात्रवृत्ति प्रदान गरी भारतमा अध्ययन गर्न पठाइएको थियो। त्यसै गरी राणाकालीन नेपालमा वीर शमशेरले नेपालमा प्राविधिक शिक्षा विकासका लागि उच्च शिक्षा अध्ययन गर्न आफ्ना छोरा गेहेन्द्र शमशेर सहित कुमार नरसिंहलाई सिभिल इन्जिनियर, भक्तबहादुर बस्नेतलाई हात हतियार, तिलकमान रायमाझी र मुसे थापालाई छालाको काम सम्बन्धी अध्ययन गर्न जापान पठाएको पाइन्छ (शर्मा, २०६४)।

यस्ता समस्याहरूको वावजुद पनि जनआन्दोलन २०४६ पछि गठन भएका सरकारहरूले समाज विकासको मूल प्रवाहमा पछि परेको अनभूत गरी शैक्षिक पहुँच र अवसरमा वृद्धि गर्दै समयसापेक्ष रूपमा विकास गर्नको लागि शुरुमा दलित छात्राहरूको लागि छात्रवृत्तिको व्यवस्था गरेको पाइन्छ। नवौं योजनाको शिक्षा तर्फको उद्देश्यमा दलित तथा पिछडिएका जनजातिहरुलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूलधारमा समाहित गर्न दलित छात्रवृत्ति उपलब्ध गराउने भनिएको तथा कार्यान्वयन गरिदैं आएको पाइन्छ। दशौं योजनाले पनि गरिवीको रेखामुनी रहेका अपाङ्ग, महिला, दलित तथा पिछडिएका जनजातिहरुलाई निःशुल्क शिक्षा एवं छात्रवृत्ति प्रदान गरी शिक्षाको मूलधारमा ल्याउने उद्देश्य राखेको पाइन्छ। हाल आएर छात्र छात्रा दुवैलाई छात्रवृत्तिको सुविधा प्रदान गर्दै आएको छ। यसका अतिरिक्त उनीहरूका लागि पाठ्यपुस्तकको समेत सुविधा प्रदान गरी दलित बालबालिकाहरूको उन्नयनमा टेवा पुऱ्याउने सरकारको कार्य अवश्य नै प्रशंसायोग्य छ। फलतः आजको विकसित र समुन्नत समाज विकासको निम्ति वाधक तत्त्वको रूपमा स्थापित यस समस्यालाई दलित शैक्षिक विकासको माध्यमबाट निराकरण गर्ने योजना सरकारको रहेको देखिन्छ।

अझ पनि विद्यालयीय शिक्षामा विविध अवरोध र सीमाहरू विद्यमान रहेका छन् । राष्ट्रको लगभग ४०% जनसङ्ख्या निरक्षर छ । प्राथमिक शिक्षा उमेरका १३% बालबालिकाहरू अझै पनि विद्यालय शिक्षाको पहुँच बाहिर छन् । यसमा दलित बालबालिकाहरूको सङ्ख्या अधिक छ । जति जति माथिल्ला कक्षा र तहहरूमा गयो त्यति नै दलित विद्यार्थीहरूको भर्ना र पहुँच घट्दो अवस्थामा छ । त्यसमाथि पनि कक्षा दोहोऱ्याउने दर चर्को अवस्थामा छ । देशको समग्र शैक्षिक सुधारका लागि मुलुकको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक परम्परा र अभ्यास, नागरिकको शैक्षिक आर्थिक अवस्था जस्ता पक्षहरू पनि उत्तिकै अवरोधका रूपमा रहेका छन् । यसरी राष्ट्र सामु धेरै नै चुनौतिहरू रहेका छन् । निरक्षरता, भर्ना नहुने समस्या, बीचैमा विद्यालय छोड्ने समस्याको कारण एउटै मात्रै छैन, क्षेत्रगत विविधता, लैङ्गिक विभेद, सुविधाविहीन अवस्था र पिछडिएको अवस्था जस्ता पक्षहरूले यहाँ उत्तिकै असर पुऱ्याएको छ (शिक्षा विभाग, २००७) ।

जातीय विभेद आजको सभ्य समाजको बाधक तत्वको रूपमा स्थापित भई समाजको सिर्जनशीलतामा समेत नकारात्मक असर परिरहेको छ । यसै तथ्यलाई आत्मसात गरी नेपाल सरकारले विद्यालयमा भर्ना भएका सम्पूर्ण दलित छात्रछात्राहरूलाई आधारभूत तहमा जनही रु ४००।- र माध्यमिक तहमा भर्ना भएका सम्पूर्ण दलित छात्रछात्राहरूलाई जनही रु. ५००।- का दरले छात्रवृत्ति प्रदान गरी विद्यालयीय शिक्षाप्रति आकर्षित गर्दै उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँदै आएको छ (जि.शि.का. झापा, २०७२) ।

त्यसैले आज दलित शिक्षा र यससँग सम्बन्धित छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सबै सरोकारवालाहरूको नजरमा एक महत्त्वपूर्ण चर्चाको विषय बन्दै आएको छ । यसरी सरकारले गरेको बृहत लगानी र यसबाट लक्षित समुदायले प्राप्त गर्न सकेको उपलब्धि एवम् कार्यान्वयनका सिलसिलामा सरोकारवालाहरूले भोग्नु परेका यावत् समस्याहरूको व्यापक अध्ययन मार्फत सार्वजनिक गर्ने प्रयास प्रस्तुत अध्ययनमा गरिएको छ ।

## १.२ समस्याको कथन

'सबैका लागि शिक्षा कार्यक्रम' (२००४-२००९) का तीन महत्त्वपूर्ण उद्देश्यहरू मध्ये 'शिक्षामा पहुँच समताको सुनिश्चितता' एक प्रमुख उद्देश्य हो । पहुँचमा सुनिश्चितता गर्ने उद्देश्यले नै बालिका, दलित, गरिब द्वन्द्वपीडित तथा पिछडिएका र सुविधाविहीन वर्गका शैक्षिक समस्याहरूलाई सम्बोधन गर्ने गरी आधारभूत तहमा "सबैका लागि शिक्षा" कार्यक्रम र माध्यमिक तहमा "माध्यमिक शिक्षा सहयोग कार्यक्रम" अन्तर्गत फरक फरक किसिमका छात्रवृत्ति कार्यक्रमहरूको व्यवस्था गरिएको छ । दलित बालबालिकाहरूलाई प्रदान गरिएका यस्ता विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्बन्धमा केही अध्ययन अनुसन्धान पनि भएका छन् । Formative Research Project for BPEP 2 ले "Effectiveness of Incentive Scholarship Programs for Girls and Disadvantages Children" शीर्षकमा एक अध्ययन भएको पाइन्छ । उपर्युक्त अध्ययनमा तत्कालीन अवस्थामा सञ्चालित विभिन्न प्रकृतिका छात्रवृत्ति कार्यक्रमहरूको फाइदा र प्रभावकारितालाई मात्र सामान्य रूपमा समेटेको पाइन्छ । तर हालसम्म भए गरेका अध्ययन अनुसन्धानहरुले छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा ल्याएको अन्तर सम्बन्धमा उल्लेख नगरेको परिवेशमा प्रस्तुत अध्ययनमा छात्रवृत्ति कार्यक्रमबाट सिकाइ उपलब्धिमा परेको प्रभावको लेखाजोखा गर्ने प्रयत्न गरिएको छ ।

सामाजिक रूपमा उपेक्षित भएका दलितहरूको शैक्षिक पहुँचमा वृद्धि गरी समाजिक स्तरोन्नति गर्न सरकारले अवलम्बन गरेको दलित छात्रवृत्ति कार्यक्रम न्यायोचित रूपमा लक्षित समूहका बीच कति प्रभावकारी एवं उपलब्धिमूलक बन्न सक्यो या सकेन, सरकारले अवलम्बन गरेको उद्देश्य अनुसारको औचित्य पुष्टि हुन सक्यो या सकेन, यसले विद्यार्थीहरूको शैक्षिक व्यवहारलाई कुन हदसम्म सफल बनाउन सकेको छ, अध्ययन गर्न जरुरी छ । दलित विद्यार्थीहरूमा भर्नादर, बीचैमा कक्षा छाड्नेदर, उत्तीर्णदर आदिमा भएको सुधार, अध्ययनको समाप्तिपछि उनीहरूको दैनिक जीवनमा शिक्षाको उपयोग आदिलाई पनि प्रत्यक्ष र परोक्ष रूपमा यस कार्यक्रमले प्रभाव पार्ने भएकोले यसको अध्ययन जरुरी देखिएको छ ।

एकातर्फ सरकारले यस्ता कार्यक्रमको माध्यमबाट दलित बालबालिकाहरूलाई विद्यालय शिक्षामा आकर्षित गरी उनीहरूको शैक्षिक र सामाजिक विकास गर्ने उद्देश्य राखेको देखिन्छ भने छात्रवृत्तिकै कारण कतिपय विद्यार्थीहरू केवल छात्रवृत्ति प्राप्त गर्न विद्यालयमा नाम दर्ता गर्ने, छात्रवृत्तिको दुरूपयोग गर्ने गरेको समेत पाइएको छ । यस परिप्रेक्ष्यमा दलित वर्गका विद्यार्थीहरूलाई प्रदान गरिएको छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभावको आँकलन गर्न 'दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव' शीर्षकमा प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.३ अध्ययनको औचित्य

अध्यावधिक स्थिति प्रतिवेदन (२००६-०७) ले औंल्याए अनुसार लगभग १३% विद्यालय उमेरका बालबालिकाहरू विद्यालय शिक्षाबाट बाहिर छन् । कक्षा छाड्ने, न्यून उपलब्धि हासिल गर्ने, अनियमित रहने दर अन्यको तुलनामा दलित बालबालिकाहरूमा बढी देखिन्छ । अतः दलित छात्रवृत्ति कार्यक्रमले शिक्षा प्रणालीको सक्षमता वृद्धि गर्न, लैङ्गिक सांस्कृतिक विभेदलाई न्यून गर्न, दलित बालबालिकाको शिक्षामा पहुँच, नियमितता र शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने पक्ष यस अध्ययनको विषय बनेको छ ।

शिक्षा मानव विकासका सूचकहरूमा अग्रभागमा पर्ने सूचक हो । यो मानव स्रोत र समाज विकासको आधार पनि हो । यही कुरालाई मध्यनजर गरी नेपाल सरकारले दलित बालबालिकाहरूलाई लक्षित वर्ग घोषणा गरी दलित छात्रवृत्ति कार्यक्रम अघि सारेको हो । यसको माध्यमबाट सामाजिक विकासको मूल प्रवाहमा पछि परेका दलित छात्र छात्राहरूको विद्यालयमा पहुँच वृद्धि गरी शिक्षा लिनको लागि प्रेरित गरेको छ । त्यसर्थ यसले लक्षित वर्गमा पारेको प्रभाव, चुनौति र वर्तमान अवस्थाको पहिचान यस अध्ययनको केन्द्र भागमा रहेका छन् । यसबाट निस्किएका निष्कर्षहरूले विद्यालयको सञ्चालन, व्यवस्थापन, मूल्याङ्कन र नीति निर्माण गर्ने तहमा समेत आगामी दिनमा यस छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी र उद्देश्यकेन्द्रित बनाउन निर्दिष्ट दिशानिर्देश गर्नेछ । तसर्थ यस विषयमा अध्ययन गरी सरोकारवाला सबैमा आवश्यक सूचना प्रवाह गर्ने हुनाले यो अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) दलित बालबालिकाको अवस्था पहिचान गर्ने,

(ख) छात्रवृत्ति कार्यक्रमले शैक्षिक उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्ने,

(ग) शैक्षिक उपलब्धि प्राप्तिमा देखा परेका समस्याहरू पहिचान गर्ने,

(घ) शैक्षिक उपलब्धिसँग सम्बन्धित समस्या समाधानका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्ने ।

## १.५ अनुसन्धात्मक प्रश्नहरू

प्रस्तुत अनुसन्धानमा निम्नलिखित प्रश्नहरूको उत्तर प्राप्त गर्ने प्रयास गरिएको छ :

(क) वर्तमान शैक्षिक परिवेशमा नेपाल सरकारले अवलम्बन गरेको दलित छात्रवृत्ति कार्यक्रम लक्षित वर्गमा कसरी कार्यान्वयन भइरहेको छ ?

(ख) दलित छात्रवृत्ति वितरणमा के कस्ता समस्यारू विद्यमान छन् ?

(ग) छात्रवृत्ति कार्यक्रमका सवल र कमजोर पक्ष के के छन् ? अवसर र चुनौतिहरू के के छन् ?

(घ) दलित छात्रवृत्ति कार्यक्रमले लक्षित वर्ग सही रूपमा लाभान्वित हुन सकेको छ कि छैन ?

(ङ) छात्रवृत्ति प्राप्तिपछि विद्यालयीय शिक्षामा दलित विद्यार्थीहरूको सहभागिता कस्तो छ ?

(च) सिकाइ उपलब्धिमा छात्रवृत्ति कार्यक्रमले कस्तो प्रभाव पारेको छ ?

(छ) भावी दिनमा दलित छात्रवृत्ति वितरण पश्चात सिकाइ उपलब्धि प्राप्तिमा देखिएका समस्या समाधान गर्न के कस्ता प्रक्रियागत सुधार गर्न सकिन्छ ?

## १.६. अध्ययनका परिसीमाहरू

प्रस्तुत अध्ययन विद्यालयहरूमा वितरण हुँदै आएको दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत शै.स. २०७१ र शै.स. २०७२ दुई वर्षको अभिलेखको आधारमा सम्पन्न गरिएको छ । यसमा अध्ययनको क्षेत्रको रूपमा झापा जिल्लाको अनारमनी

स्रोतकेन्द्रलाई लिइएको छ । नमुनाका रूपमा अनारमनी स्रोतकेन्द्र अन्तरगत माध्यमिक तह सञ्चालन गरेका ३ वटा सामुदायिक विद्यालयहरू - देवी उच्च माध्यमिक विद्यालय विर्तामोड, दुर्गा उच्च माध्यमिक विद्यालय गरामनी र पञ्चरत्न माध्यमिक विद्यालय विर्तामोडलाई लिइएको छ । अध्ययनमा माध्यमिक तहको दलित छात्रवृत्ति कार्यक्रमलाई समावेश गरिएको छ । प्रस्तुत अध्ययनमा छात्रवृत्ति कार्यक्रम अन्तर्गत दलित समुदायका विद्यार्थीहरूले प्राप्त गर्ने छात्रवृत्ति कार्यक्रमको मात्र अध्ययन गरिएको छ । विद्यार्थीहरुको सिकाइ उपलब्धिको मापन गर्न आवधिक परीक्षाको लब्धाङ्क पत्र तथा लब्धाङ्क अभिलेखको प्रयोग गरिएको छ । विद्यालय र अन्य सरोकारवालाहरू प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक र विद्यार्थीको छनौट आवश्यकता र उद्देश्य अनुरूप विभिन्न विधिरूको प्रयोगबाट गरिएको छ । प्रस्तुत अध्ययनमा रहेका विविध सीमितताका कारणबाट प्राप्त भएको निष्कर्ष समान रूपमा देशभर लागू नहुन सक्छ ।

## १.७. प्राविधिक पदावलीहरूको परिभाषा

दलित : नेपाली वर्ण व्यवस्था र नेपालको सङ्घीय संविधान २०७२ ले निर्धारण गरेका कामी, दमाईं, सार्की, चमार, डुम, पोडे, खतवे, वाँतर, धोवी, सन्थाल जस्ता जातजातिहरू

दलित छात्रवृत्ति : दलित वर्गका विद्यार्थीहरूका लागि शैक्षिक सुविधा अन्तर्गत प्रदान गरिने रकम

शैक्षिक उपलब्धि : औपचारिक मापन तथा मूल्याङ्कनद्वारा निर्धारण गरिएको सिकाइको स्तर

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययनको यस खण्डमा यस अध्ययनसँग सम्बन्धित विभिन्न विद्वानहरूले सिर्जना गरेका कृति, लेख, समीक्षा आदिको पुनरावलोकन र अध्ययनलाई पूर्ण बनाउन अवलम्वन गरिएका सैद्धान्तिक खाकाहरूको बारेमा चर्चा गरिएको छ । यसलाई सुव्यवस्थित बनाई सम्पन्न गर्नको लागि दुई खण्डमा विभाजन गरी पहिलो खण्डमा सम्बन्धित साहित्यको अध्ययन र दोस्रो खण्डमा अध्ययनको सैद्धान्तिक खाकाको चर्चा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कोइराला (१९९६) ले Schooling and the Dalit of Nepal : A Case Study of Bungkot Dalit Community नामक प्रतिवेदनमा नेपालको जातिवाद विषयको अध्ययनको क्रममा केही महत्वपूर्ण कुरा प्रकाश पार्नु भएको छ । यो Case Study लाई International Education Department of Education Policy Studies, Demonton, Albetra मा पेश गरिएको थियो । प्रतिवेदनले गरिबहरूका लागि सन्देशमूलक विद्यालय खोलिनु पर्ने, सहयोगात्मक अनुसन्धानद्वारा उनीहरूले विद्यालयमा के परिवर्तन गर्न चाहेका छन् सो कुरा बुझ्नु पर्ने, दलितहरूका लागि राम्रो विद्यालय व्यवस्थापन गर्न कृषि क्षेत्रमा छोटो समयका कक्षाहरू र अन्य क्षेत्रमा लामो समयका कक्षाहरू खोलिनु पर्ने धारणा अघि सारेको छ । दलित विद्यार्थीहरू विद्यालयमा भोकै जान नपर्ने, खानाको कमी नहुने अवस्था सिर्जना हुनु पर्ने, विभिन्न उमेरका दलित बालबालिकाका लागि बहुकक्षा शिक्षणको प्रयोग गर्न शिक्षकलाई थप तालिम दिइनु पर्ने, दलित विद्यार्थीहरूलाई पृथक प्रकृतिका सहयोग वा छात्रवृत्तिद्वारा विद्यालयप्रति आकर्षित गराइनु पर्ने, पढाउँदा कसरी सिकाउन सकिन्छ भन्ने कुरामा बढी ध्यान दिँदै सिक्न नसकेका कुराहरू उनीहरूको अभिावकलाई बताउनु पर्ने, अन्तरजातीय मित्रताद्वारा भेदभाव हटाउन प्रयत्न गर्नु पर्ने धारणा समेत प्रतिवेदनले अघि सारेको छ ।

रावत (२०६३) ले तयार पार्नुभएको प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्तिको प्रभावकारिता शीर्षकमा गरिएको शोधकार्यमा छात्रवृत्ति प्राप्त गरेका

दलित विद्यार्थीहरूको विद्यालय नियमितता एवं कक्षा निरन्तरता पत्ता लगाउने, दलित विद्यार्थीहरूलाई वितरित छात्रवृत्तिले पारेको प्रभावको विश्लेषण गर्ने लगायतका उद्देश्य राखिएको पाइयो । छात्रवृत्ति प्राप्त गरे पनि गैह्र दलितको तुलनामा दलित विद्यार्थीहरूको कक्षा निरन्तरतामा कमी रहेको तर छात्रवृत्ति प्राप्त गर्नु अघिभन्दा उनीहरूको कक्षा निरन्तरतामा भने सुधार आएको अध्ययनबाट पाइएको उल्लेख गर्दै अध्ययनले दलित छात्रवृत्तिले बालबालिका तथा तीनका अभिभावकहरूमा सकारात्मक प्रभाव पारेको र उनीहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन शुरु गरेको पाइएको निष्कर्ष निकालेको छ ।

CEIR (2007) ले A Report on the Effectiveness of the Government of Nepal नाम प्रतिवेदन शिक्षा विभागमा प्रस्तुत गरेको छ । अध्ययनले सामुदायिक विद्यालयमा वितरण हुँदै गरेको दलित छात्रवृत्तिको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौति आदिको विश्लेषण गरी नीति निर्माता, प्रशासक, शिक्षाविद्, दातृसंस्था र तत्सम्बन्धी अध्ययनकर्तालाई समेत सहयोग पुग्ने गरी आफ्नो निष्कर्षलाई प्रस्तुत गरेको पाइन्छ । यस अध्ययनले impact, planning, obstacles and barriers, bottlenecks, utilization र system गरी छ वटा शीर्षकमा अध्ययनको प्राप्तिलाई समावेश गरेको पाइन्छ । जस अनुसार नेपाल सरकारले हाल वितरण गर्दै रहेको दलित छात्रवृत्तिले दलित विद्यार्थीहरूको भर्नादरमा वृद्धि गर्न, कक्षा छोड्नेदरलाई न्यून गर्न, स्तरोन्नति गर्न, कक्षा दोहोऱ्याउने दरमा कमी गर्न, दैनिक उपस्थितिमा वृद्धि गर्न, विद्यालय शिक्षाप्रति अभिभावकको चासो वृद्धि गर्न, स्वास्थ्य र सरसफाइ समेतमा सकारात्मक प्रभाव पारेको उल्लेख गरिएको छ ।

वस्ती (२०६६) ले तयार पार्नुभएको प्रथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकमा गरिएको अनुसन्धानमा प्राथमिक तहमा लक्षित समुदायका लागि वितरण गरिएको छात्रा छात्रवृत्तिले विद्यार्थीको नियमितता, छात्राहरूको कक्षोत्तीर्ण अवस्था र सिकाइ उपलब्धिमा पार्ने प्रभावको बारेमा अध्ययन गरिएको छ । प्राथमिक तहमा प्रदान गरिने छात्रा छात्रवृत्तिका कारण बालबालिकाहरूको भर्नादरमा वृद्धि भएको तर निरन्तरतामा कमी रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्नु अघिभन्दा उनीहरूको कक्षा निरन्तरतामा भने सुधार आएको

पाइयो । उहाँले आफ्ना बालबालिकालाई विद्यालय पठाउन शुरु गरेको पाइएको कुराले अभिभावकहरूमा समेत सकारात्माक प्रभाव परेको कुरा उल्लेख गर्नुभएको छ ।

विश्वकर्मा (२०६७) का अनुसार शिक्षा मानिसको नैसर्गिक अधिकार हो । यसबाट वञ्चित गरिनु हुँदैन । शिक्षामा लगाएको चर्को महशुल अधिकांश दलितहरूले तिर्न सक्दैनन् जसले गर्दा आर्थिक रूपमा सम्पन्न वर्गको मात्र शिक्षामा पहुँच पुगेको छ । शैक्षिक नीति निर्माण गर्दा दलितहरूलाई सहभागी गराउनु पर्छ । नियमावलीमा दलित शब्दको प्रयोग गरिनु पर्छ । दलित शिक्षकको कोटाको आरक्षण सुनिश्चित गरी दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनु पर्छ । छात्रवृत्तिको लागि प्रदान गरिएको रकमको सही प्रयोग भए नभएको अनुगमन गरी दुरूपयोग भएमा तुरुन्त कार्यवाहीको व्यवस्था गरिनु पर्दछ (http://www.org.np.news)।

दयाल (२०६७) का अनुसार ग्रामीण भेगमा दलित शिक्षकहरू र विद्यार्थीहरूले विभेदको कठिन सामना गर्नु परेको अवस्था विद्यमान छ । यस्ता कुनै पनि विभेदलाई कडाइका साथ दण्डित गरिनु पर्छ । दलित विद्यार्थीरूलाई उच्च शिक्षा र रोजगारीको सहज रूपमा अवसर प्रदान गर्नुको अलावा दलित विद्यार्थीको चापलाई ख्याल गरी छात्रवृत्तिको सुविधा प्रदान गरिनु पर्छ (http://www.org.np.news) ।

कोइराला (२०६७) का अनुसार राज्यको समग्र विकासको जिम्मेवारी सरकारको हुने भएकोले उक्त जिम्मेवारीलाई ऐनमा उल्लेख गरिनु पर्छ । शिक्षा क्षेत्रमा दलित छात्रवृत्तिको दायरालाई पारदर्शी र फराकिलो बनाउनु पर्दछ । समावेशीकरण गर्नका लागि दलित समुदायको सन्दर्भमा सकारात्मक विभेदको नीति राज्यले अपनाउनु पर्छ जुन राज्यको नीति नियममा व्यवस्था हुन पर्दछ । वर्तमान छात्रवृत्ति संयन्त्रलाई परिवर्तन गरी राज्यले दलितलाई गरेको विभेदको ऐतिहासिक क्षतिपूर्तिको विशेष व्यवस्था ऐनमा उल्लेख गरिनु पर्छ (http://www.org.np.news) ।

दुलाल (२०६७) ले तयार पार्नुभएको दलित छात्रवृत्ति वितरणबाट गैर दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकको शोधपत्रमा दलित र गैर दलित विद्यार्थीहरूको कक्षागत र विषयगत सिकाइ उपलब्धि पत्ता लगाउने, छात्रवृत्ति वितरणमा भएको विभेदले उत्पन्न भएका समस्याहरूको समाधानका उपायहरूको खोजी गर्ने लगायतका उद्देश्यहरू समावेश गरेको पाइयो । अध्ययनको निष्कर्षमा

आर्थिक, साामाजिक र राजनीतिक रुपमा निकै अगाडि रहेका कथित दलित जातिका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा विपन्न परिवारका गैर दलित समुदायका बालबालिकाहरूमा मनोवैज्ञानिक, सामाजिक र संवेगात्मक असर पर्न गई उनीहरूको सिर्जनात्मकता, क्रियाशीलता र रुचिमा कमी आउने कुरा उल्लेख गरिएको छ । दलित र गैर दलित विद्यार्थीहरू बीचमा देखिएको छात्रवृत्ति वितरणको विभेदीकरणलाई समाधान गर्न छात्रवृत्ति वितरण गर्दा वास्तविक रूपमा गरिब, असहाय, जेहेन्दार, लगनशील विद्यार्थीहरूको पहिचान गरी अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायत सम्पूर्ण सरोकारवालाहरूको सहमति जुटाई वितरण गर्नुपर्ने सुझाव अध्ययनले प्रस्तुत गरेको छ ।

## २.२ सैद्धान्तिक खाका

प्रस्तुत अध्ययनमा मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्तलाई आधारको रूपमा उपयोग गरिएको छ ।

### २.२.१ मानव सम्बन्ध सिद्धान्त

दलित बालबाालिकाहरू पनि मानवीय संसाधनभित्र पर्ने भएकोले उनीहरूलाई पनि सामाजिकीकरणको मूल धारमा ल्याउनु पर्दछ । उनीहरूको सामाजिक हैसियत र व्यवहारलाई सरल, सरस र सम्मानजनक बनाउनु पर्दछ । नेपाली वर्ण व्यवस्थाले उनीहरूलाई अछुतको रूपमा गरेको व्यवहारलाई सच्याई दया, माया, ममता, सम्मान र सत्कारका साथ समाजका हरेक क्रियाकलापमा संलग्न गराउन सके मात्र उनीहरूको सामाजिक विकास समाजको मूल प्रवाहमा समाहित हुन सक्दछ । त्यसर्थ प्रस्तुत अनुसन्धानलाई जर्ज इल्टन मायो (१८८०-१९४९) द्वारा प्रतिपादित मानव सम्बन्धको सिद्धान्तले कुनै पनि संगठनको विकासको लागि मानिसलाई यन्त्रवत् रूपमा व्यवहार नगरी मानवीय भावनाको आधारमा व्यवहार गर्नुपर्ने धारणा राखेको छ । जसमा मुख्य रुपमा निम्न कुराहरूलाई प्रस्तुत गरिएको छ ।

मानवीय सम्बन्धको दृष्टिकोणको प्रतिपादन

रचनात्मक नेतृत्वको विकास

कर्मचारीलाई प्रेरित गर्ने व्यवस्था

कामदारलाई वृत्तिविकासको सुविधा प्रदान

सङ्गठनलाई सामाजिक व्यवस्थापनका रूपमा स्वीकार

सहकार्यको अवधारणाको सुरुवात

हेला गरेर होइन माया गरेर काममा लगाउने प्रक्रिया

कार्यक्षमता बढाउन सामाजिक क्षमता वृद्धिका लागि जोड ।

जर्ज इल्टन मायो (१८८०-१९४९) ले गरेको अध्ययन अनुसार वृत्तिविकासको सुविधा प्रदान गर्नु, माया, ममता, स्नेह, सम्मान र सत्कार प्रदान गर्नु , रचनात्मक नेतृत्वका लागि प्रेरित गर्नु, सञ्चारको वास्तविक र दोहोरो प्रणालीको स्थापना गर्नु जस्ता पक्षहरू मानवीय संसाधनको विकासको निमित्त ज्यादै महत्त्वपूर्ण छन् । दलित विद्यार्थीरूलाई समाज विकासको मूल प्रवाहमा ल्याउने सन्दर्भमा पनि यो सिद्धान्त उति नै प्रभावकारी र उपयोगी हुने भएकोले यस अध्ययनमा यसको व्यापक उपयोग गरिएको छ ।

प्रो. डगलस म्याक ग्रेगर (१९०६-१९४६) ले x र y सिद्धान्त प्रतिपादन गर्दै कानुन र प्रशासनद्वारा नियन्त्रण गरी कुनै पनि काममा लागाउँदा सङ्गठनको उत्पादन र कर्मचारीको विकास दुवैमा नकारात्मक प्रभाव पर्ने भएकोले y सिद्धान्तको सिर्जना भएमा उनीहरूको अन्तर्निहित प्रतिभाको विकास भई सङ्गठन र कर्मचारी दुवैलाई सकारात्मक प्रभाव पर्ने कुरा उल्लेख छ । त्यसर्थ दलित विद्यार्थीहरूलाई पनि सामाजिकीकरणको मूल प्रवाहमा ल्याउनका लागि स्वयम् समाजका हरेक क्रियाकलापहरूमा अधिक रूपमा समावेश गराउनु पर्दछ । विद्यालय शिक्षामा आकर्षित गर्न र सामाजिक क्षमताको विकास गर्न दलित छात्रवृत्ति कार्यक्रमको उपयोग गरिनु पर्छ ।

अब्राहम मास्लो (१९४३) ले मानिस उत्प्रेरित र सन्तुष्ट हुनलाई आफ्नो क्रियाकलापमा सङ्लग्न हुनको लागि मनोवैज्ञानिक रूपमा घोषित आवश्यकताहरूको परिपूर्ति हुनु पर्दछ । जुन आवश्यकताहरू एक पछि अर्को गर्दै श्रृङ्ङ्खलाबद्ध रूपमा निम्न पाँच चरणमा प्रस्तुत गरेका छन् ।

शारीरिक आवश्यकता

सुरक्षात्मक आवश्यकता

सामाजिक आवश्यकता

स्वाभिमानको आवश्यकता

आत्मसम्मानको आवश्यकता

यी आवश्यकताहरू चरणबद्ध रूपमा परिपूर्ति गर्ने क्रममा हुन्छ भनी उल्लेख गरेका छन् ।

सामाजिकीकरणको मूल प्रवाहमा पछि पारिएका दलित बालबालिकाहरूलाई पनि समाजको मूल प्रवाहमा ल्याउनको लागि उनीहरूलाई समाजका हरेक क्रियाकलापहरूमा सम्मानजनक रूपमा स्नेह र ममतका साथ सङ्लग्न गराउनु पर्दछ जसको निमित्त शैक्षिक विकासलाई आधारस्तम्भको रूपमा स्वीकार गरी शैक्षिक विकासका लागि प्रेरित गरिनु पर्दछ । सरकारद्वारा वितरण गरिएका यस्ता शैक्षिक वृत्तिहरूलाई मानव सम्बन्धको सिद्धान्तको आधारमा लक्षित वर्गसम्म पुऱ्याउन यस सिद्धान्तलाई उपयोग गरिएको छ ।

मेरी पार्कर फोलेट (१८६८-१९३३) ले प्रजातान्त्रिक र सहभागितामूलक पक्रियाद्वारा समन्वय गरिने मानव सम्बन्ध सिद्धान्तमा जोड दिएकी छन् । जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई कार्य सम्पादनमा स्तरीयता एवम् प्रभावकारिता हासिल हुन्छ । उनका समन्वय सम्बन्धी निम्न चार सिद्धान्तहरू प्रसिद्ध छन् :

**(क) प्रत्यक्ष सम्पर्कद्वारा समन्वय**

सम्बन्धित अधिकारीले आफ्ना मातहतका व्यक्ति वा पक्षसँग प्रत्यक्ष वा क्षैतिजीय सञ्चारद्वारा विचार आदान प्रदान गरी मानवीय सम्बन्ध कायम गर्ने ।

**(ख) प्रारम्भिक चरणामा समन्वय**

कार्यको प्रारम्भिक अवस्थामा नै अर्थात् सङ्गठन निर्माण र नीति तथा योजनाको निर्माणदेखि नै समन्वय गरी मानवीय सम्बन्ध कायम गर्ने ।

**(ग) पारस्परिक सम्बन्धद्वारा समन्वय**

संस्थामा मानव, पैसा, यन्त्र, सामग्री बीच वीच पारस्परिक समन्वयद्वारा मानव सम्बन्ध विकास गरी समन्वय गर्ने ।

### (घ) निरन्तर प्रक्रियाका रूपमा समन्वय

संस्थामा मानवीय सम्बन्ध कायम राख्न सम्बन्धित स्रोत र साधन एवम् सम्पूर्ण पक्षबीच निरन्तर क्रियाशील रहने र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन सम्बन्धित पक्ष वा व्यक्तिसँग उपयुक्त समन्वय कायम हुनु पर्दछ । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक आदिसँग बहुपक्षीय समन्वयद्वारा उच्च स्तरको मानवीय सम्बन्ध कायम गर्न गराउन स्रोतव्यक्तिको अहम भूमिका रहने हुनाले मेरी पार्कर फोलेटको अवधारणा प्रस्तुत शोधपत्र तयार गर्नको लागि उपयोग गरिएको छ ।

## २.२.२ विकेन्द्रीकरणको सिद्धान्त

पोल (१९९३) को सिद्धान्तमा शैक्षिक योजनाको निर्माणदेखि स्रोत साधनको परिचालनसम्मका सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी समुदायलाई सुम्पिँदा शैक्षिक सहभागिता र गुणस्तर अभिवृद्धि हुन गई विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, निजी तथा गैर सरकारी क्षेत्रको साझेदारी जस्ता क्षेत्रमा उल्लेख्य सहयोग पुग्दछ । तर यो क्षेत्रमा देखिएको कानुनी अड्चन, वाधा र स्थानीय निकायको सक्षमताको अभाव, राजनैतिक प्रतिवद्धताको अभाव, कर्तव्यनिष्ठ नहुने, उत्तरदायित्वको बोध नभएको जस्ता समस्याले शैक्षिक विकेन्द्रीकरणले कार्य गर्न नसक्ने तर्क समेत पाइन्छ ।

विकेन्द्रीकरणलाई विभिन्न स्वरूपमा विभाजन गरिएको पाइन्छ । जस्तैः आफ्ना मातहतका कर्मचारीहरूलाई अधिकार समेत प्रदान गरी निर्णय गर्ने अधिकार प्रदान गरिनु अधिकार प्रत्यायोजन हो भने केन्द्रीय निकायले मातहतका कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्ने तर उत्तरदायित्व र जवाफदेहिता माथिल्लो निकायमा नै सुरक्षित रहने गरी कायम भएको अवस्था चाहिं विकेन्द्रीकरण हो । यसै गरी कानुनद्वारा सिर्जना गरिएका स्थानीय निकाय, स्थानीय सरकार र स्थानीय निर्वाचित संस्थाहरूलाई कानुनद्वारा आर्थिक, वित्तीय, राजनीतिक सामाजिक सेवा वितरण गर्न सकिने गरी अधिकारको हस्तान्तरण गरिने नै विकेन्द्रीकरण हो । त्यसैले नेपालको शिक्षा क्षेत्रमा पनि विकेन्द्रीकरणको प्रभाव परेको त्यसको एउटा नमुना विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण र आर्थिक स्रोत र साधनहरूको

परिचालन आदिको विद्यालयले अनिवार्य सामाजिक परीक्षण गरी सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था समेत रहेको छ । विविध कारणले पछाडि पारिएका वर्गका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई शिक्षाको मूलधारमा ल्याउने अभिप्रायले लागू गरिएको दलित छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन विद्यालय तहबाट हुने भएकोले यो प्रक्रिया शैक्षिक विकेन्द्रीकरणको एक अङ्ग हो । तसर्थ विकेन्द्रीकरणको सिद्धान्तलाई प्रस्तुत अध्ययनको सैद्धान्तिक आधारको रुपमा लिइएको छ ।

## २.३ अध्ययनको उपादेयता

अध्ययन अनुसन्धानका क्रममा पुनरावलोकन गरिएका विभिन्न साहित्यहरुले यस अध्ययनलाई खुराक प्रदान गरेका छन् । रावत (२०६३) र वस्ती (२०६६) को अध्ययनबाट छात्रवृत्ति कार्यक्रमले बालबालिकाको विद्यालय शिक्षा कार्यक्रममा पारेको प्रभावबारे जानकारी प्राप्त भएको छ । यसरी नै विश्वकर्मा (२०६७), दयाल (२०६७) र कोइराला (२०६७) को अध्ययनबाट सकारात्मक विभेदीकरणको अपरिहार्यता स्पष्ट भएको छ ।

यो अध्ययनको व्याख्या र विश्लेषण गर्न कार्यमा माथि उल्लेख गरिएका मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्तको उपयोग गरिएको छ जसमा जर्ज इल्टन मायोको आधारमा दलित बालबालिकारूको शैक्षिक उत्थानको निमित्त छात्रवृत्ति, अध्ययनप्रति उत्प्रेरणा, सामाजिकीकरणमा उपयोग र नेतृत्वको विकास आदिको विश्लेषणमा सहयोग मिलेको छ । म्याक ग्रेगरको सिद्धान्तको आधारमा माया, ममताद्वारा विद्यार्थीहरूमा सकारात्मक भावनाको विकास गर्न जस्ता महत्त्वपूर्ण पक्षको विश्लेषण गरिएको छ भने अब्राहम मास्लोको सिद्धान्तको आधारमा उनीहरूका चरणबद्ध आवश्यकताहरूको परिपूर्ति गर्दै आत्मबोधको महशुस गराउने जस्ता पक्षमा व्याख्या गरिएको छ । मेरी पार्कर फोलेटको सिद्धान्तको आधारमा सरोकारवालारूसँगको समन्वय विद्यार्थी र विद्यालय प्रशासनका बीच समन्वय गरी उनीहरूलाई शैक्षिक जागरण र सामाजिकीकरण अघि बढाउन सफल हुने कुराको विश्लेषण गरिएको छ । यसरी समग्र रूपमा मानव सम्बन्धको सिद्धान्तले विद्यार्थीहरूमा शैक्षिक एवं समाजिक जागरण ल्याउन सफल हुने माथि यस

अध्ययनमा सम्बन्धित पक्षहरूको वर्णन गरिएको छ । विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय स्तरमा आफ्नो अधिकार, दायित्व र कर्तव्यप्रति सचेत र जागरुक बनाउन सफल हुने भएकोले दलित बालबालिका र अभिभावकहरूलाई उक्त क्रियाकलापप्रति अग्रसर गराउनको लागि उक्त सिद्धान्तको प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ ।

# परिच्छेद : तीन

# अध्ययनको विधि तथा प्रकृया

## ३.१. अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनको क्रममा झापा जिल्लाको अनारमनी स्रोतकेन्द्रभित्रका सामुदायिक विद्यालयहरू मध्ये नमुना छनोटमा परेका विद्यालयहरूको तथ्याङ्कको आधारमा परिमाणात्मक एवम् गुणात्मक संयुक्त ढाँचामा प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कलाई परिमाणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ भने विचारमूलक तथ्याङ्कलार्य गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ । तसर्थ प्रस्तुत अध्ययन मिश्रित ढाँचाको रहेको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

### ३.२.१ जनसंख्या

झापा जिल्लाका १७ वटा स्रोतकेन्द्र अन्तरगत सञ्चालित माध्यमिक तह सञ्चालन गरेका सम्पूर्ण सामुदायिक विद्यालयहरू र तिनमा अध्ययनरत दलित विद्यार्थीहरू, अभिभावकहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.२.२ नमुना

सीमित स्रोत, साधन र समय साथै आर्थिक र भौगोलिक कठिनाइको कारणले गर्दा झापा जिल्लामा रहेका १७ वटा स्रोतकेन्द्र मध्ये अनारमनी स्रोतकेन्द्रलाई नमुनाको रुपमा लिई उक्त स्रोतकेन्द्रमा सञ्चालित माध्यमिक तह सञ्चालन गरेका ३ वटा सामुदायिक विद्यालयहरु छनौट गरी त्यहाँ कार्यरत प्रधानाध्यापक, शिक्षक, माध्यमिक तह (कक्षा ९ र १०) मा अध्ययनरत दलित विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा दलित अभिभावक समेतलाई नमुनाको रुपमा छनोट गरिएको छ । यसरी नमुना छनोट गर्दा विद्यालयको स्तर, भौगोलिक क्षेत्र, लिङ्ग, जातजाति समेतको दृष्टिकोणलाई समेट्ने प्रयत्न गरिएको छ ।

### ३.२.३ नमुनाको आकार

प्रस्तुत शोधपत्र तयार पार्नका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरू मध्ये अनारमनी स्रोतकेन्द्रलाई छनोट गरिएको छ। उक्त स्रोतकेन्द्र अन्तरगत माध्यमिक तह सञ्चालन गरेका ३ वटा सामुदायिक विद्यालयहरु छनोट गरी शिक्षण गर्ने शिक्षक प्रत्येक विद्यालयबाट २ जनाका दरले ६ जना, प्रत्येक विद्यालयबाट माध्यमिक तहको कक्षा ९ र १० मा अध्ययन गर्ने ५ जनाका दरले दलित विद्यार्थीहरु १५ जना, प्रत्येक विद्यालयबाट दलित अभिभावक ३ जनाका दरले ९ जना, प्रत्येक विद्यालयका प्रधानाध्यापक ३ जना र प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ३ जनालाई नमुनाको रुपमा लिइएको छ। नमुना जनसङ्ख्या निम्नानुसार रहेको छ :

तालिका १ : नमुनाको आकार

| विद्यालयको नाम | प्र.अ. | शिक्षक | विद्यार्थी | वि.व्य.स. पदाधिकारी | दलित अभिभावक | जम्मा |
|---|---|---|---|---|---|---|
| देवी उ.मा.वि | १ | २ | ५ | १ | ३ | १२ |
| दुर्गा उ.मा.वि. | १ | २ | ५ | १ | ३ | १२ |
| पञ्चरत्न मा.वि | १ | २ | ५ | १ | ३ | १२ |
| जम्मा | ३ | ६ | १५ | ३ | ९ | ३६ |

### ३.२.४ नमुना छनोट प्रक्रिया

नमुना छनोट गर्दा अनारकनी स्रोतकेन्द्र र ३ वटा माध्यमिक तह सञ्चालन गरेका सामुदायिक विद्यालय सम्भावनायुक्त नमुना छनोट विधिबाट छनौट गरिएको छ। छनोट गरिएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ। छनोट भएका प्रत्येक विद्यालयका २ जनाका दरले ६ जना शिक्षक, प्रत्येक विद्यालयका कक्षा ९ र १० मा अध्ययन गर्ने ५ जनाका दरले १५ जना दलित विद्यार्थी र प्रत्येक विद्यालयका ३ जनाका दरले ९ जना दलित अभिभावक सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि मूलतः प्राथमिक र द्वितीय स्रोत गरी दुई प्रकारका तथ्याङ्क स्रोतको उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा स्वयम् अनुसन्धानकर्ता उपस्थित भई प्रश्नावली, अवलोकन आदिको माध्यमबाट दलित छात्रवृत्ति वितरणको अवस्था तथा यसबाट दलित बालबालिकाको सिकाइ उपलब्धिमा परेको प्रभाव सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

प्रस्तुत अनुसन्धान पूरा गर्नका निम्ति आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा विद्यालयमा उपलब्ध भएका विद्यार्थीको प्रगति विवरण, निरन्तर मूल्याङ्कन अभिलेखका साथै पत्रपत्रिका, बुलेटिन, स्मारिका तथा विद्यालयमा आवधिक रूपमा राखिएका अभिलेखहरूको समेत अध्ययन गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

प्रस्तुत अध्ययनलाई सार्थक बनाउनको लागि प्रत्यक्ष भेटघाट, छलफल, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन फाराम, अभिलेख अध्ययन जस्ता साधनहरूको उपयोग गरिएको छ । छलफल र भेटघाटमा प्रधानाध्यापक., शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति पदाधिकारी र अभिभावक सबैलाई उपयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली

अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने मुख्य साधनको रूपमा प्रश्नावली प्रयोग गरिएको छ । नमुना छनोटमा परेका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी र अभिभावकहरूलाई खुल्ला र बन्द प्रश्नावली भर्न लगाइनेछ । हरेक प्रश्नावलीहरू मिश्रित प्रकृतिका हुनेछन् जसमा सबैको उत्तरको आशयलाई एकीकृत गरी अध्ययनलाई अघि बढाइनेछ । अध्ययनको

क्रममा प्रयोग गरिने प्रश्नावलीहरू अनुसूची २, ३, ४, ५ र ६ मा समावेश गरिएको छ ।

### ३.४.२ अवलोकन फाराम

अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क सङ्कलन गर्न अवलोकन फारामको प्रयोग गरिएको छ । नमुना छनोटमा परेका विद्यालयका दलित विद्यार्थीहरूको सिकाइ प्रक्रिया (विद्यालय भर्ना, नियमितता, परीक्षामा समावेशिता, उत्तीर्ण प्रतिशतको अवस्था) को अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अवलोकन फारामहरू अनुसूची ७ र ८ मा समावेश गरिएको छ ।

### ३.४.३ अभिलेख अध्ययन

अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटमा परेका विद्यालयमा रहेका विभिन्न अभिलेखहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनको सबैभन्दा जटिल र मुख्य अङ्श भनेको तथ्याङ्कको सही सङ्कलन हो । तथ्याङ्क नै अनुसन्धानको मुख्य भाग हो जसले अध्ययनलाई पूर्ण विश्वसनीय र प्रभावकारी तथा उद्देश्यमूलक बनाउँछ । प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग सम्पर्क गरी अध्ययनको बारेमा कुराकानी गरी प्रश्नावली मार्फत विचार प्रस्तुत गरिदन तथा अध्ययनको लागि तथ्याङ्क उपलब्ध गराइदिन आग्रह गरिएको छ । प्रधानाध्यापकको अनुमतिबाट नमुना छनोटमा परेका शिक्षक तथा दलित विद्यार्थीसँग सम्पर्क गरी व्यक्तिगत छलफल तथा कुराकानी गरिएको छ । यसपछि अध्ययनको उद्देश्य तथा प्रक्रियाको बारेमा स्पष्ट पारी प्रश्नावली मार्फत आफ्नो विचार प्रस्तुत गरिदिन आग्रह गरी प्रश्नावली भराइएको छ । त्यसरी नै प्रधानाध्यापकसँगको समन्वयबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकहरूसँग सम्पर्क गरी प्रश्नावली भराइएको छ । प्रधानाध्यापकको अनुमतिले दलित विद्यार्थीसँग सम्बन्धित अवलोकन फारमका लागि आवश्यक जानकारी विद्यालयको अभिलेखबाट तथा प्रत्यक्ष अवलोकनबाट सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्राथमिक र द्वितीय स्रोतलाई उपयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई विश्वसनीय र वैध बनाउनको लागि विभिन्न तालिका, स्तम्भचित्र, वृत्तचित्र, चार्ट, प्रतिशत, औसत आदिको उपयोग गरी गुणात्मक एवं परिमाणात्मक दुवै विधिहरूको आवश्यकता अनुसार उपयोग गरी विश्लेषण गरिएको छ। दलित विद्यार्थीहरूको उपस्थितिदर, कक्षा उत्तीर्णदर, अनुत्तीर्णदर र कक्षा छाड्नेदर निकाल्न सूत्रहरूको प्रयोग गरिएको छ।

# परिच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमा संकलित तथ्याङ्कहरूलाई विभिन्न तालिका, चार्ट र गणितीय ढाँचामा प्रस्तुत गरी तिनीहरूको व्याख्या तथा विश्लेषण गर्ने कार्य भएको छ । तथ्याङ्कहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गरिएको छ । यसरी विभाजन गर्दा कुनै पनि शीर्षक अन्तर्गत पर्ने प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्करूलाई समेटी दुवैबाट प्राप्त नतिजालाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ दलित छात्रवृत्ति कार्यान्वयनको अवस्था

दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययनलाई पूरा गर्नको लागि तत्सँग सम्बन्धित पक्षहरूसँग स्थलगत रूपमा सर्वेक्षण गरी छात्रवृत्ति कोटा, त्यसको पारदर्शिता, लक्षित वर्गको छनौटका आधार, छनौटको ढाँचा, वितरण पद्धति, निर्देशिकाको पालना, छात्रवृत्तिको रकमको सदुपयोग/दुरूपयोगको स्थिति आदिका सम्बन्धमा वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूका बीच गरिएको भेटघाट, छलफल, अवलोकन र प्रश्नावली समेतको माध्यमबाट विश्लेषण गरी यहाँ मुख्य मुख्य पक्षलाई अलग लगल शीर्षकमा राखी प्रस्तुत गरिएको छ ।

### ४.१.१ छात्रवृत्ति वितरण छनौट आधार सम्बन्धी धारणा

विगत वर्षहरूमा दलित छात्राहरूलाई मात्र प्रदान गरिदै आएको दलित छात्रवृत्ति कार्यक्रम हालका केही वर्ष यता छात्र/छात्रा दुवैलाई प्रदान गरिंदै आएको छ । विद्यालयमा उपस्थित भएका अन्य जात-जातिका विद्यार्थीलाई नदिई दलित विद्यार्थीहरूलाई पाठ्यपुस्तक, पोशाक, स्टेशनरी वा नगद कुनै न कुनै रूपमा प्रदान गरिने छात्रवृत्ति कोटामा अन्य विद्याथीहरूलाई ख्याल नगरिँदा यसको छनौट प्रक्रियामा र आधारको सम्बन्धमा धेरै चर्चा र वहस हुने गरेको पाइयो । यसरी जेहेन्दार र गरिब विद्यार्थीहरूलाई छनौट नगरी केवल दलितहरूलाई मात्र छात्रवृत्तिको लागि छनौट गर्दा आएका धारण र आधारहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : छनौट आधार सम्बन्धी धारणा

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अध्यक्ष | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | दलित विद्यार्थीलाई नै दिइनु उपयुक्त भएकोले सोही अनुसार गर्ने | २ | ६६.६६ | ३ | ५० | १ | ३३.३३ | ६ | ५० |
| २ | गरीव र जेहेन्दार लाई पनि छनौट गर्नु राम्रो हुने हुनाले सोही अनुसार गर्ने | १ | ३३.३३ | ३ | ५० | २ | ६६.६६ | ६ | ५० |
| ३ | शिक्षक र प्र.अ. को स्वविवेक भित्र जे पर्दछ सोही अनुसार गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार सरकारले जातीय रूपमा दलितरूलाई लक्षित वर्ग मानी उनीहरूलाई कुनै पनि आधार नमानी सोझै प्रदान गरिने छात्रवृत्ति कोटा निधार्रण सम्बन्धमा प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षको धारणा लिँदा लक्षित वर्गलाई सोझै प्रदान गर्ने र गरिब तथा जेहेन्दार विद्यार्थीरूलाई पनि सोही लक्षित वर्गमा समावेश गरी छात्रवृत्ति प्रदान गरिनुपर्ने विषयमा मिश्रित र बराबर प्रतिशतमा अवधारण आएको देखिन्छ ।

### ४.१.२ छात्रवृत्ति रकमको पारदर्शिता

पारदर्शिता भन्नाले कुनै पनि शीर्षकमा विनियोजित रकमको उपयोगितालाई सरोकारवालाहरूले सहज र पूर्ण रूपमा जानकारी प्राप्त गर्न सक्ने अवस्था हो । पारदर्शिता नै कार्यक्रमको प्रभावकारिताको आधार हो । विद्यालयको सञ्चालन र गुणस्तर वृद्धिमा विद्यालय परिवार बाहेक समुदायको पनि सक्रियता अपरिहार्य भएकोले पारदर्शिताले सम्बन्धित पक्षको सक्रियताका वृद्धि गर्दछ । विद्यालयमा प्राप्त भएका छात्रवृत्ति सम्बन्धी कोटा, रकमदर, छनौटका आधारहरू सबैलाई जानकारी हुनु आवश्यक छ । विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक, वि.व्य.स. शिक्षक

अभिभावक संघ एवं नागरिक समाज सबै सुसूचित हुन पाउनु पर्दछ। यस अध्ययनको सिलसिलामा यस दलित छात्रवृत्ति कार्यक्रमको पारदर्शिता बुझ्नको लागि गरिएको स्थलगत सर्वेक्षण को तथ्याङ्कलाई निम्नानुसारको तालिकाबाट देखाइएको छ।

तालिका ३ : छात्रवृत्ति रकमको पारदर्शिता

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | विद्यार्थी | | अभिभावक | | वि.व्य.स | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पारदर्शिता छ, छात्रवृत्ति सम्बन्धी विवरण सूचना पाटीमा टाँस गरिन्छ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | पारदर्शिता छ, वि.व्य.स. वैठकबाट अनुमोदन गरी वितरण गरिन्छ | ३ | १०० | ४ | ६६.६६ | २ | २० | २ | २० | २ | ६६.६६ | १३ | ५४.६६ |
| ३ | सामान्य चर्चा मात्र हुन्छ विस्तृत विवरण थाह छैन | ० | ० | २ | ३३.३३ | २ | २० | ५ | ५० | १ | ३३.३२ | १० | २७.३३ |
| ४ | प्र.अ. लाई मात्र थाहा हुन्छ हामी केही जान्दैनौं | ० | ० | - | - | ६ | ६० | ३ | ३० | ० | ० | ९ | १८ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

तालिकामा प्राप्त भएको सूचना अनुसार कुनै पनि विद्यालयमा दलित छात्रवृत्ति कोटा र रकम विद्यालयको सूचनापाटीमा टाँस्ने नगरेको विवरण उल्लेख छ। तीनै जना प्रधानाध्यापकहरूले उक्त रकमलाई वि.व्य.स. को बैठकमा अनुमोदन गराएर मात्र खर्च गर्ने गरेको उल्लेख गर्नुभएकोमा १ जना वि.व्य.स. अध्यक्षले चाहिं बैठकमा अनुमोदन नभई सामान्य चर्चा मात्र हुने गरेको धारणा राख्नुभएको छ। विद्यार्थीहरूसँग राखिएको जिज्ञासामा १० मध्ये ६ विद्यार्थीहरूलाई आफूलाई थाहा नभएको र २ जनाले सामान्य चर्चा हुने गरेको पाइयो। अभिभावकहरू मध्ये ३ जनालाई थाहा नभएको, ५ जनाले सामान्य चर्चा हुने गरेको सुनेको र २ जनाले बैठकबाट अनुमोदन हुने कुरालाई देखाएको छ। औसत रूपमा हेर्दा सूचनापाटीमा टाँसी पारदर्शी बनाउनेमा ०%, बैठकबाट अनुमोदन गरी खर्चगर्ने मा ५४.६६%, सामान्य चर्चा हुन्छ मा २७.३३% र म अनभिज्ञ छु भन्नेमा १८% मत छ। यसरी समग्रमा हेर्दा दलित छात्रवृत्ति रकम पारदर्शी ढङ्गले नै खर्च गर्ने गरेको देखिन्छ।

### ४.१.३ छात्रवृत्ति वितरणका आधारहरू

दलित छात्रवृत्ति वितरणको प्रभावकारितालाई वृद्धि गर्न विद्यालयले तयार गर्ने रकम वितरण सम्बन्धी आधारहरूले पनि प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्दछन्। विकेन्द्रीकरणको सिद्धान्तले प्रदान गरेको स्थानीय आवश्यकता र महत्वको अधिकारलाई प्रयोग गरी विद्यालयहरूले भिन्न भिन्न आधारहरूलाई पनि अवलम्वन गर्न सक्दछन्। छात्रवृत्ति प्राप्त गर्ने दलितहरूका बीच पनि सकारात्मक विभेदीकरणका आधारमा शैक्षिक स्तर, आर्थिक अवस्था र विद्यालय नियमितताका आधारमा रकमलाई घटबढ गरी वितरण गर्न सक्दछन्। शैक्षिक सत्र २०७१ को दलित छात्रवृत्ति सम्बन्धी आधारहरूलाई हेर्दा दुर्गा उ.मा.वि. र पञ्चरत्न मा.वि. ले निर्देशिका अनुसार जस्ताको जस्तै रूपमा वितरण गरेको पाइयो भने देवी उ.मा.वि. ले तथ्याङ्क विवरण फारमा भरे पश्चात कन्काई उ.मा.वि. सुरुङ्गाबाट स्थानान्तरण भई आउने छात्र सन्तोष बराइलीलाई त्यही रकमलाई दामासाहीमा कटाई वितरण गरेको र अभिभावकहरूबाट कतिपय समयमा छात्रवृत्ति रकमको दुरूपयोग भएको अवस्थालाई मध्यनजर गरी स्कुल पोशाक र नगदको रूपमा वितरण गरी कार्यक्रमलाई अझ प्रभावकारी बनाएको पाइयो।

### ४.१.४ छात्रवृत्ति कार्य सञ्चालन निर्देशिका सम्बन्धी धारणा

जुनसुकै कार्यक्रमलाई उद्देश्य केन्द्रित र प्रभावकारी कार्य सम्पादनको लागि निश्चित मापदण्ड र आधार सहितको सञ्चालन निर्देशिका तयार गरिएको हुन्छ। त्यसर्थ विद्यालयमा सञ्चालित सबै प्रकारका छात्रवृत्ति कार्यक्रमलाई पनि प्रभावकारी बनाउनको लागि शिक्षा विभागले यस सम्बन्धी कार्य सञ्चालन निर्देशिका तय गरी कार्यान्वयन भइरहेको छ। यसै निर्देशिकालाई मुख्य आधार बनाएर विद्यालयहरूले निर्देशिकाले निर्दिष्ट गरेको आधारमा छात्रवृत्ति वितरण गर्ने गर्दछन्। यस अध्ययनमा समावेश भएका विद्यालयहरूको छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको लागि कार्य सञ्चालन निर्देशिका सम्बन्धी अवधारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४ : छात्रवृत्ति कार्यान्वयन निर्देशिका सम्बन्धी अवधारणा

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अध्यक्ष | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विद्यालयमा उपलब्ध छ हेरेर गरिन्छ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | प्र.अ. वैठकमा निर्देशिकाको चर्चा हुन्छ सोही अनुसार गरिन्छ | १ | ३३.३३ | २ | ३३.३३ | १ | ३३.३३ | ४ | ३३.३३ |
| ३ | सुनेको हो देखेको छैन | २ | ६६.६६ | ४ | ६६.६६ | २ | ६६.६६ | ८ | ६६.३३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यस तालिकाबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका विद्यालयमा उपलब्ध नभएको र केवल मा.वि को प्र.अ. वैठकमा यस विषयमा सामान्य चर्चा हुने गरेकोले प्रधानाध्यापकले सुसूचित गराउन सम्भव भएका शिक्षक एवं वि.व्य.स. अध्यक्षहरूले कार्य सञ्चालन निर्देशिकाको भूमिकालाई थाहा पाउनुभएको भए पनि अन्य अधिकांश प्र.अ., शिक्षक र वि.व्य.स. अध्यक्षहरू यसका बारेमा अनभिज्ञ हुनुहुन्छ। माथिको तालिकामा औसत रूपमा ३३.३३%

सरोकारवालाहरूलाई यस निर्देशिकाो बारेमा थाहा भएको भए पनि ६६.६६% सरोकारवालारु यस प्रति अज्ञात भएको तथ्याङ्करूले प्रमाणित गरोको छ ।

### ४.१.५ कार्यक्रम कार्यान्वयमा जि.शि.का.को भूमिका

एउटा जिल्लाभित्र सञ्चालन हुने हरेक क्रियाकलापलाई पूर्ण रूपमा सफलतापूर्वक सञ्चालन र कार्यान्वयन गर्ने कार्यमा जि.शि.का.को ज्यादै महत्त्वपूर्ण भूमिका रहने गर्दछ । माथिल्लो निकायबाट तय भएको कार्यक्रम सञ्चालन सम्बन्धी नीति नियमहरूको सूचना प्रवाह गर्ने, अनुगमन गर्ने र आवश्यकता अनुसार थप निर्देशन प्रवाह गर्ने र कार्यक्रमको प्रभावकारितामा वृद्धि गर्ने जिम्मोवारी जि.शि.का. को हुने गर्दछ । दलित बालबालिकाहरूलाई लक्षित वर्ग घोषणा गरी उनीहरूको शैक्षिक एवं सामाजिक स्तरोन्नतिका लागि प्रदान गरिने दलित छात्रवृत्ति कार्यक्रम कार्यान्वयन र अनुगमनमा जि.शि.का को महत्त्वपूर्ण जिम्मेवारी हुन्छ । शिक्षा विभागबाट तयार भई कार्यान्वयका लागि निर्देशित नीति नियमहरूको निर्देशनका अलावा जिल्ला शिक्षा कार्यालय स्वयंले निर्वाह गरेको भूमिकाको अवस्थालाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ५ : जि.शि.का. बाट भएका नीति नियम निर्देशन सम्बन्धी कार्यहरू

| क्र. सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स.अध्यक्ष | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | जिल्ला छात्रवृत्ति व्यवस्था समिति गठन भएको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | जिल्ला छात्रवृत्ति वितरण समितिले स्पष्ट निर्देशन दिएको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | छात्रवृत्ति सम्बन्धी कोटा/आधार र रकम जि.शि.का. को सूचना पाटीमा टाँस गरेको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | जि.शि.का स्वयंले निर्देशन दिएको | १ | ३३.३३ | ० | ० | ० | ० | ० | ० |
| ५ | स्रोत व्यक्ति मार्फत जानकारी गराउने गरेको | ३ | १०० | ६ | १०० | ३ | १०० | १२ | १०० |
| ६ | कार्यान्वयनको अनुगमन मूल्याङ्कन हुने गरेको | १ | ३३.३३ | ० | ० | ० | ० | ० | ० |
| ७ | अनिवार्य गराउन निर्देशन गरेको | ३ | १०० | ६ | १०० | ३ | १०० | १२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

जिल्ला शिक्षा कार्यालय झापामा छात्रवृत्ति वितरण गर्नको लागि समिति गठन नभएको र समितिको माध्यमबाट नीति निर्देशन नभएको देखिएको छ । तथापि उत्तरदाताहरूको उत्तर अनुसार स्रोतव्यक्तिको माध्यमबाट कार्यक्रमको बारेमा जानकारी गराउने गरेको पाइयो । कार्यालयको तर्फबाट गरिनु पर्ने अनुगमन मूल्याङ्कन र निर्देशनको भने अभाव हुनाले जि.शि.का.को भूमिका आवश्यक रूपमा प्रभावकारी नरहेको पाइयो ।

### ४.१.६ छात्रवृत्ति रकमको पर्याप्ता/अपर्याप्तता

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको संख्या विभिन्न शीर्षक अन्तर्गत ज्यादै धेरै भएकोले विद्यार्थी छात्रवृत्तिको लागि राज्यकोषबाट ज्यादै ठूलो धनराशि खर्च हुने गर्दछ । प्रति विद्यार्थी रकम भने शैक्षिक लागतको तुलनामा ज्यादै न्यून नै छ । यति हुँदाहुँदै पनि समाज विकासको मूल प्रवाहमा पछि परेका दलित बालबालिकारूलाई विद्यालयीय शिक्षामा आकर्षित गर्नको लागि सो छात्रवृत्ति प्रभावकारी भएको छ । यसकै माध्यमबाट दलित बालबालिकाहरूको विद्यालय भर्नादर, नियमितता र कक्षोत्तीर्ण दरमा भने सकारात्मक प्रभाव परेको देखिन्छ । चरम गरिबीले सताएर विहान वेलुकाको हातमुख जोर्न धौ-धौ पर्ने वर्ग जसले आफ्ना नानीहरूको शैक्षिक लागत व्यहोर्न सक्दैनन् तिनीहरूलाई भने यसबाट आशातित सहयोग पुग्न सकेको छैन । उनीहरूको आफ्नो वेदनालाई राज्यले सम्बोधन गर्न नसकेकोमा गुनासो छ । यस रकमको पर्याप्तता/अपर्याप्तताको सम्बन्धमा अध्ययनकर्ताले सेवाक्षेत्रका सरोकारवालासँग गरेको सर्वेक्षण विवरणलाई तपसिल अनुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका ६ : छात्रवृत्ति रकमको पर्याप्तताको विवरण

| क्र.स. | विवरण | प्र.अ. | | शिक्षक | | अभिभावक | | विद्यार्थी | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पर्याप्त छैन पोशाक र स्टेशनरी पुग्नेगरी दिए हुन्थ्यो | – | – | १ | १६.६६ | ४ | ३३.३३ | ६ | ५० | ३ | २७.७७ |
| २ | नाम मात्रको छ स्तरलाई ख्याल गरे हुन्थ्यो | – | – | २ | ३३.३३ | ३ | २५ | ३ | २५ | ३ | २७.७७ |
| ३ | आंशिक रूपमा भएपनि सहयोग भएको छ | २ | ६६.६६ | २ | ३३.३३ | ३ | २५ | १ | ८०३३ | | ३३.३३ |
| ४ | छात्रवृत्ति सानै भए पनि पर्याप्त मानेको छ | १ | ३३.३३ | १ | १६.६६ | | | | | | २४.९९ |
| ५ | हामी गरिबहरूको धारणा बुझी अलि ठूलो रकम छुट्याए हुने थियो | – | – | – | – | २ | १६.६६ | २ | १६.६६ | | १६.६६ |

स्रोतः स्थलगत सर्वेक्षण,२०७२

माथिको तालिकाबाट सरकारी स्तरबाट प्रदान गरिने दलित छात्रवृत्ति कार्यक्रमको रकम परिमाणमा न्यून नै देखिए पनि उपलब्धिमूलक र सहयोगी भएको देखिन्छ । ३३.३३% नतिजामा रकम थोरै भएपनि फलदायी भएकै प्रतिक्रिया आएको छ । यसको सकारात्मक पक्षमा पुरस्कार स्वरूप प्रदान गरिएको छात्रवृत्तिले शैक्षिक क्रियाकलापमा निश्चय नै सकारात्मक प्रभाव पार्दै आएको छ । सरकारले दिने रकमलाई केही हदसम्म मात्र भए पनि वृद्धि गर्न सके सबै पक्षमा अझ राम्रो सन्देश जाने देखिन्छ ।

### ४.१.७ दलित छात्रवृत्तिको सदुपयोगको स्थिति

कुनै पनि कार्यक्रमको कार्यान्वयनको समाप्ति पछि उक्त कार्यक्रमबाट लक्षित वर्ग सही रूपमा लाभान्वित हुन सक्यो वा सकेन साथै जुन प्रयोजनको लागि

लगानी भएको हो सो अनुसार प्राप्त भए नभएको लेखाजोखा हुन पर्दछ । यस 'दलित छात्रवृत्तिको'को लागि गरिएको लगानी पनि विद्यार्थीको अन्य शैक्षिक गतिविधिमा खर्च गर्दै गुणस्तरमा वृद्धि हुनु पर्दछ । माथि अध्ययनमा समेटिएका विद्यालयहरूको दलित छात्रवृत्ति रकमको सदुपयोगको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका ७ : छात्रवृत्ति रकमको सदुपयोगको स्थिति

| क्र. स. | विवरण | अभिभावक | | विद्यार्थी | | औसत | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अतिरिक्त कक्षा | ० | ० | ० | ० | ० | ० |
| २ | शैक्षिक सामग्री | ३ | २० | ४ | २६.६६ | ७ | २३.३३ |
| ३ | पोशाक | ४ | २६.६६ | ३ | २० | ७ | २३.३३ |
| ४ | खाजा एवं पकेट खर्च | २ | १३.६६ | ४ | २६.६६ | ८ | २३.३३ |
| ५ | घर खर्च | २ | १३.३३ | ३ | २० | ५ | २६.६६ |
| ६ | अन्य | | | | | | १६.६६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यस तालिकाको तथ्याङ्क अनुसार छात्रवृत्ति रकमको प्रयोग विभिन्न सन्दर्भमा प्रयोग हुने बताएका छन् । विद्यार्थी र अभिभावक दुवैले अतिरिक्त कक्षा वा ट्युसनको लागि छात्रवृत्ति रकम प्रयोग नभएको, औसत २३.३३% को कापी, कलम लगायतका शैक्षिक सामग्रीको लागि खर्च हुने र औसत २३.३३% विद्यालयको पोशाकमा खर्च हुने राय छ भने औसत १०.१६% उत्तरदातारूले विद्यार्थीको खाजा एवं पकेट खर्चमा रकम प्रयोग हुने गरेको बताएका छन् । यसरी शैक्षिक गुणस्तर वृद्धि गर्न र विद्यालयमा आकर्षित गर्नको लागि प्रदान गरिने छात्रवृत्ति आ-आफ्नो आवश्यकता अनुसार घर खर्चमा समेत प्रयोग भएको पाइयो । यस छात्रवृत्तिको सदुपयोगको स्थितिलाई तलको वृत्त चित्रमा देखाइएको छ ।

चित्र १ : छात्रवृत्ति सदुपयोगको स्थिति




उपर्युक्त वृत्तचित्रमा दलित विद्यार्थीरूलाई प्रदान गरिने छात्रवृत्तिको सदुपयोगको स्थितिलाई स्थलगत सर्वेक्षणको तथ्याङ्क अनुसार औसत र तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१.८ दलित छात्रवृत्ति कार्यक्रमको विविध पक्षहरूको विश्लेषण

दलित छात्रवृत्ति कार्यक्रम कुनै एक विद्यालय, स्रोतकेन्द्र वा जिल्ला स्तरीय कार्यक्रम नभई शिक्षा ऐन नियमावलीमा उल्लेख भएको राष्ट्रिय कार्यक्रम हो । दलित विद्यार्थीहरूलाई लक्षित वर्ग घोषणा गरी तिनीहरूको स्तरोन्नतिको लागि यो कार्यक्रम कार्यान्वयन भइरहेको छ । यो कति प्रभावकारी बन्न सक्यो भन्ने यसको उद्देश्य, प्रभावकारी कार्यान्ववयन, व्यवस्थापन, अनुगमन मूल्याङ्कन आदिमा निर्भर गर्दछ । यस सम्वन्धमा लक्षित कार्यक्रमको सवल पक्ष, दुर्वल पक्ष, अवसरले अवसरहरूको सम्भावनालाई वृद्धि गर्दै चुनौतिहरूको न्यूनीकरण गर्न सहयोग पुग्दछ । यहाँ समाज विकासको मूल प्रवाहमा पछि परेका दलित विद्यार्थीहरूलाई विद्यालयीय शिक्षामा आकर्षित गर्दै उनीहरूको सम्बन्धमा वास्तविक सरोकारवाला पक्षहरूसँग प्रत्यक्ष रूपमा विभिन्न शीर्षकमा रही विश्लेषण गर्ने कार्य भएको छ ।

**सबल पक्षहरू**

यस दलित छात्रवृत्ति कार्यक्रमका सन्दर्भमा प्राप्त भएका सूचना, तथ्याङ्क, सरोकारवालाहरूको धारण आदिबाट निम्न सवल पक्षरूको पहिचान गरिएको छ ।

अभिभावक र विद्यार्थी दुवैमा विद्यालय शिक्षाप्रति सकारात्मक सोचको विकास भएको ।
शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी संलग्नता वढेको ।
विकट भौगोलिकता र अति विपन्न दलितहरूमा समेत चेतना वृद्धि भएको ।
न्यून रूपमा भए पनि शिक्षाको लागत व्यहोर्न सहयोग पुगेको ।
बालबालिकाहरूको सिकाइमा उत्प्रेरणा वढेको ।
कक्षा छाड्ने र काक्षोत्तीर्णदरमा सुधार भएको ।
विद्यार्थी नियमिततामा वृद्धि भएको ।
छात्रवृत्तिले दति बालबालिकारूलाई व्यक्तिगत सरसफाइ अनुसाशन, स्वास्थ्य र सिर्जनशील बन्न प्रेरित गरेको ।
विद्यार्थीको चौतर्फी विकास गरी समाजमा सामाजिकीकरण हुन मद्धत पुगेको ।

यसरी दलित छात्रवृत्ति कार्यक्रमले दलित विद्यार्थीरूमा मात्र नभई अभिभावकरूमा समेत जागरुकता पैदा गराएको छ । समाजमा आफ्नो मूल्य र भूमिका पहिचान दिलाउन मद्धत पुगेको छ । यसका अतिरिक्त यस कार्यक्रमले बालबालिकामा मनोवैज्ञानिक रूपमा नै शैक्षिक उत्प्रेरणा, अनुशासन, धैर्यता, आत्मविश्वास र परिश्रम गर्ने बानी आदिमा पनि व्यापक सुधार भएको कुरा अनुसन्धनबाट प्राप्त भएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू**

कुनै पनि कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा केही न केही कमजोरी विद्यमान हुन्छ । यो राष्ट्रिय स्तरको व्यापक कार्यक्रम भएकोले निश्चय नै कमजोरीबाट मुक्त हुन सकेको छैन । यस अध्ययनको सिलसिलामा पहिचान गरिएका दुर्वलपक्षहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

आर्थिक रूपमा शैक्षिक लागतको सानो हिस्सा मात्र बोकेको ।
सरकारी स्तरबाट पर्याप्त अनुगमन र मूल्याङ्कन हुन नसकेको ।
वितरण प्रणालीमा एकरूपता कायम गर्न नसकिएको ।
पारदर्शिताको अभाव रहेको ।

छात्रवृत्तिबाट प्राप्त भएको रकम विद्यार्थीको शैक्षिक क्रियाकलापमा खर्च हुनको सट्टा घर खर्चमा गएको ।

समयमा वजेट निकाशा नभई वितरण समयमा विविधता रहेको ।

छात्रवृत्ति सम्बन्धी निर्देशिका विद्यालय एवं प्रधानाध्यापकरूले प्राप्त गर्न नसकेको ।

सरोकारवाला पक्षहरू शिक्षक, अभिभावक, वि.व्य.स. र विद्यार्थी सबैमा छात्रवृत्ति रकम, कोटा र वितरण प्रणालीबारे जानकारी नभएको ।

सबै अभिभावकहरूमा यसको महत्त्वलाई बुझ्उन नसक्दा यसको कतिपय अवस्थामा ज्यादै दुरूपयोग भएको ।

यसरी दलित छात्रवृत्ति कार्यक्रमभित्र पनि केही कमजोरी अवश्य नै देखिएका छन् र तिनीहरू विशेष रूपमा योजना, कार्यान्वयन र उपयोगको क्षेत्रमा देखिन्छन् । विषेशत: हाल आएर सम्पूर्ण दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिँदै आएकोमा अघिल्लो वर्षको तथ्याङ्कको आधारमा रकम निकासा गरिंदा नयाँ आउने विद्यार्थी उक्त अवसरबाट वञ्चित रहन सक्छ । अर्कोतर्फ सम्पूर्ण विद्यार्थी र अभिभावकहरूमा विभिन्न सचेतना कार्यक्रमको माध्यमबाट अझ जागरुक हुनुपर्नेमा आवश्यकता अनुसार उक्त कार्यहरू हुन सकिरहेका छैनन् । आवश्यक समयमा निरीक्षण अनुगमन र मूल्याङ्कन हुन पर्ने हो तर अपेक्षाकृत रूपमा हुन सकिरहेको छैन । सरकारी स्तरबाट सरोकारवालाका जिज्ञासा, गुनासा र सुझावहरूलाई सुनी आवश्यक सुधारको लागि कार्यक्रम बनिएको छैन । विद्यालय स्तरमा पनि वितरण प्रणालमिा एकरूपता र स्तरीकरण गरी यसको प्रयोजन र उपादेयताका सम्बन्धमा अभिभावकहरूका वीच पूर्ण रूपमा सूचना र जानकारी दिलाउन सकिएको छैन ।

**अवसरहरू**

यस अध्ययनबाट ‘दलित छात्रवृत्ति’का सम्बन्धमा निम्नानुसारको पहिचान गरिएको छ :

आर्थिक रूपमा विपन्न दलित बालबालिकारूले पनि विद्यालय शिक्षा प्राप्त गर्न सक्ने ।

सामाजिक विकासको मूल प्रवाहमा पछि परेका ग्रामीण क्षेत्रका दलितहरूमा पनि चेतनास्तरमा वृद्धि गरी सामाजिक विकासमा अघि बढाउन सकिने ।

विद्यालय र समुदाय बीचको दूरी घटाई सबैका लागि शिक्षा कार्यक्रमलाई सफल पार्न मद्धत पुग्ने ।

विद्यार्थीहरूमा शैक्षिक जागरण ल्याई उनीरूको व्यक्तित्व विकास गर्न सकिने ।

कार्यक्रमको उपादेयता र प्रभावकारितालाई पुष्टि गरी समाजमा देखिएको नकारात्मक विभेदलाई सकारात्मक बनाउन सकिने ।

बालबालिकाहरूको वानी व्यवहारमा परिवर्तन र आत्मविश्वासमा वृद्धि गर्न सकिने ।

यस्ता अवसरबाट समाजमा पछि परेका अति विपन्न विकट भौगोलिकतामा वसोवास गरेका तमाम दलित बालबालिकाहरूका निमित्त यो छात्रवृत्ति कार्यक्रम प्रभावकारी हुन सक्छ । यसका अलावा आफ्नो शैक्षिक क्रियाकलापलाई निरन्तर अघि बढाई व्यक्तित्व विकास गर्न चाहने विद्यार्थीरूको लागि यो छात्रवृत्ति कार्यक्रम एउटा उपयुक्त अवसरको आधार बन्न सक्दछ ।

**चुनौतिहरू**

दलित छात्रवृत्ति कार्यक्रमको स्थलगत अध्ययनबाट प्राप्त भएका सूचना र तथ्याङ्कहरूलाई विश्लेषण गर्दा तल उल्लेखित चुनौतिहरू विद्यमान रहेका पहिचान गरिएको छ ।

सबै दलित बालबालिकाहरूलाई समान र सहज रूपमा छात्रवृत्ति प्राप्त हुन नसक्ने ।

शिक्षाको पहुँच नपुगेको दलितहरूका लागि छात्रवृत्तिको अवसर प्रदान गर्न नसकिने र अति विपन्न भई दैनिक आवश्यकत परिपूर्ति गर्न असक्षम भइरहेका दलित बालबालिकाहरूको लागि न्यूनतम हुन सक्ने ।

छात्रवृत्ति वापत प्रदान गरिने रकमको शैक्षिक गुणस्तर वृद्धि बाहेक अन्य घरायसी आवश्यकता परिपूर्तिमा खर्च भई दुरूपयोग हुन सक्ने ।

अन्य जातजातिका गरिब तथा जेहेन्दार विद्यार्थीलाई अवहेलना गरी जातीय आधारमा मात्र वितरण गरिने छात्रवृत्तिका कारण सामाजिक अन्यायको सिर्जना हुन सक्ने ।

न्यून परिमाणको रकमका कारण दलित विद्यार्थीहरूको शैक्षिक व्यवहारमा अपेक्षकृत सुधार ल्याउन नसक्ने ।

छात्रवृत्ति रकमको दुरूपयोग गरी विद्यार्थीहरूमा फजुल खर्च र विभिन्न प्रकारका दुर्व्यसनमा खर्च गरी समाज नकारात्मक दिशातर्फ मोडिन सक्ने ।

छात्रवृत्ति प्राप्त गर्नको लागि कतिपय स्थानमा सरकारबालहरूको बीचमा विवाद र झगडा समेत भएको देखिएकोले सामाजिक सद्भावमा विचलन आउन सक्ने । सरकारले गरेको वृहत् लगानीको तुलनामा न्यून प्रतिफल हासिल हुन सक्ने । आफ्नो वृत्तिविकासको लागि स्वावलम्बी भएर अघि बढ्नको सट्टा अरूप्रति आशा गर्ने बानीको विकास भई परनिर्भर बन्न सक्ने ।

यद्यपि दलित छात्रवृत्ति कार्यक्रम समाजमा पछि परेको वर्गको उत्थानको लागि अति सकारात्मक कदम भएपनि यसलाई व्यवस्थित र उद्देश्य केद्रित बनाउन थुप्रै चुनौतिरू रहेका छन् ।

**सम्भावनाहरू**

दलित छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न सकिएमा यसका पछाडि धेरै सम्भावनारू विद्यमान छन् । यसकै माध्यमबाट दलित विद्यार्थीरूको सामर्थ्य वृद्धि गर्ने कमजोरीरू न्यून गर्न, अवसररूको सदुपयोग गर्ने सम्भावित चुनौतिरूको सामना गर्ने विभिन्न सम्भावनारूको खोजी गरेको छ । यसमा देखिएका सवल पक्षरूको विस्तार गरी कमजोरीरूलाई न्यूनिकरण गर्दै अघि वढ्नको लागि प्रभावकारी योजनाको निर्माण, कार्यान्वयन प्रक्रियामा सुधार र थप कार्यक्रमरूको सिर्जना गर्न सकिन्छ । यसमा देखिएका कमजोरी सुधार गर्नको लागि सरोकारवालाहरूको, रुचि, चाहना र आवश्यकता अनुसार नीतिगत रूपमा देखिएका जटिलताहरूलाई संशोधन गरी यसको पारदर्शितामा वृद्धि गर्ने, वितरण प्रक्रियामा सुधार गर्ने, मार्गदर्शन र अनुगमन प्रणालीलाई व्यवस्थित गर्ने जस्ता महत्त्वपूर्ण कार्यक्रमलाई अवलम्वन गर्न सकिन्छ । भावी समाज कस्तो प्रकारको निर्माण गर्ने हो सोको प्रारूप आजका विद्यार्थीहरूमा देख्न सकिने भएकोले बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी एक सवल र सक्षम जनशक्तिको विकासको लागि सरोकारवालाहरूले समयमा नै ध्यान पुऱ्याउन जरुरी हुन्छ । आज नेपाली वर्णव्यवस्थाले सिर्जना गरेको नकारात्मक जातीय विभेदको अवस्थालाई प्रभावकारी नीति नियमहरको निर्माण र कार्यान्वयन गरी सकारात्मकतातर्फ अग्रसर गराउन सकिन्छ । यस दलित छात्रवृत्ति कार्यक्रमका सन्दर्भमा  देखिएका कमी कमजोरीहरूको सुधारका लागि सरोकारवालाहरूको राय सुझावको आधारमा नीति निर्माण तहमा नै

सुधार गरी कार्यान्वयन पक्षलाई प्रभावकारी र पारदर्शी बनाउन आवश्यक देखिन्छ। यसका अलावा नेपाल सरकार, नागरिक समाज र विभिन्न संघसंस्थाबाट वितरण गरी सफलता प्राप्त गरेको विवरणलाई खोजी गरी दलित विद्यार्थीहरूको सामर्थ्य र अवसरलाई वढाउनु भविष्यका सम्भावनाहरू हुन सक्दछन्।

## ४.२ दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

दलित बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन भएको 'दलित छात्रवृत्ति' कार्यक्रमले लक्षित वर्गलाई कत्तिको प्रभाव पार्न सकेको छ, विगतका वर्षहरूमा र हाल छात्रवृत्ति कार्यक्रम पूर्णरूपमा सबैका लागि सञ्चालन भई सकेपछि विद्यार्थीहरूको विद्यालयमा नियमितता, कक्षोत्तीर्ण अवस्था, बीचैमा कक्षा छाड्ने स्थिति र सिकाइ उपलब्धि स्थिति कस्तो रहेको छ भनी यसको वास्तविकतालाई उजागर गर्नका लागि सम्बन्धित विद्यालयको सरोकारवालाहरू सँग छलफल गरी प्राप्त भएको तथ्याङ्कहरूको तुलनात्मक रूपमा विश्लेषण गर्ने कार्य भएको छ।

यस सन्दर्भमा दलित छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको प्राविधिक पक्षहरूको समेत अध्ययन गरी यथार्थ स्थितिलाई उजागर गर्न सरोकारवालाहरू, प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, विद्यार्थी आदिलाई प्रत्यक्ष भेटघाट, छलफल, अन्तरक्रिया र प्रश्नावलीका माध्यमबाट तथा द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कलाई एकीकृत गरी तालिका र चार्टहरूको माध्यमबाट व्याख्या र विश्लेषण गरिएको छ।

### ४.२.१ सामुदायिक विद्यालयमा दलित विद्यार्थीहरूको वर्तमान स्थिति

वर्तमान परिवेशमा नेपाल सरकारले दलितहरूलाई समाजको मूल प्रवाहमा पछि परेको वर्ग भनी विद्यालयीय शिक्षामा आकर्षित गर्दै समाज विकासको मूल प्रवाहमा संलग्न गराउनको लागि दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत अघि बढाउने लक्ष्य राखेको देखिन्छ। यस विषयको प्रभावकारिता मूल्याङ्कन गर्नको लागि झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरू मध्येबाट नमुना छनौटमा परेका तीन माध्यमिक विद्यालयको दलित विद्यार्थीहरूको विगत ३ वर्षको विवरणलाई विद्यालयमा भरिने तथ्याङ्क विवरण फारम (Flash- 1, Flash 2) लिई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ८ : विद्यार्थी विवरण (शै. वर्ष २०७०)

| क्र. सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | जम्मा भर्ना | छात्रा | ६८ | ८ | ५३ | ६ | ३० | ४ |
| | | छात्र | ५९ | ५ | ५६ | ७ | २८ | ७ |
| | | जम्मा | १२७ | १३ | १०९ | १३ | ५८ | ११ |
| २ | छात्रवृत्ति प्राप्त गर्ने | छात्रा | १३ | ८ | ११ | ६ | ९ | ४ |
| | | छात्र | ११ | ५ | १२ | ७ | ११ | ७ |
| | | जम्मा | २४ | १३ | २३ | १३ | २० | ११ |
| ३ | परीक्षामा सामेल | छात्रा | ६० | ६ | ४६ | ५ | २८ | ३ |
| | | छात्र | ५५ | २ | ५० | ४ | २५ | ६ |
| | | जम्मा | ११५ | ८ | ९६ | ९ | ५३ | ९ |
| ४ | परीक्षामा उत्तीर्ण | छात्रा | ४० | ३ | ३० | २ | २० | १ |
| | | छात्र | ३० | १ | ३५ | ३ | १८ | ४ |
| | | जम्मा | ७० | ४ | ६५ | ५ | ३८ | ५ |
| ५ | उत्तीर्ण प्रतिशत | छात्रा | ६६.६७ | ५० | ६५.२२ | ४० | ७१.४३ | ३३.३३ |
| | | छात्र | ५४.५४ | ५० | ७० | ७५ | ७२ | ६६.६७ |
| | | जम्मा | ६०.८७ | ५० | ६७.७१ | ५५.५६ | ७१.७ | ५५.५६ |
| ६ | परीक्षामा अनुत्तीर्ण | छात्रा | २० | ३ | १६ | ३ | ८ | २ |
| | | छात्र | २५ | १ | १५ | १ | ७ | ३ |
| | | जम्मा | ४५ | ४ | ३१ | ४ | १५ | ६ |
| ७ | बीचैमा कक्षा छाड्ने | छात्रा | ८ | २ | ७ | १ | २ | १ |
| | | छात्र | ४ | ३ | ६ | ३ | ३ | २ |
| | | जम्मा | १२ | ५ | १३ | ४ | ५ | ३ |

स्रोतः विद्यालय तथ्याङ्क फारम, २०७१

तालिका ९ : विद्यार्थी विवरण (शै. वर्ष २०७१)

| क्र. सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | जम्मा भर्ना | छात्रा | ६५ | १२ | ५२ | ८ | ३५ | ५ |
| | | छात्र | ६८ | ३ | ६४ | ६ | २५ | २ |
| | | जम्मा | १३३ | १५ | ११६ | १४ | ६० | ७ |
| २ | छात्रवृत्ति प्राप्त गर्ने | छात्रा | १३ | १२ | ११ | ८ | ९ | ५ |
| | | छात्र | ११ | ३ | १२ | ६ | ५ | २ |
| | | जम्मा | २४ | १५ | २३ | १४ | १४ | ७ |
| ३ | परीक्षामा सामेल | छात्रा | ६० | ९ | ४६ | ५ | ३० | ४ |
| | | छात्र | ५५ | २ | ५० | ४ | २२ | २ |
| | | जम्मा | ११५ | ११ | ९६ | ९ | ५२ | ६ |
| ४ | परीक्षामा उत्तीर्ण | छात्रा | ४५ | ७ | ३० | ४ | २६ | ४ |
| | | छात्र | ३८ | १ | ३५ | ३ | १७ | २ |
| | | जम्मा | ८३ | ८ | ६५ | ७ | ४३ | ६ |
| ५ | उत्तीर्ण प्रतिशत | छात्रा | ७५ | ७७.७८ | ६५.२२ | ८० | ८६.६७ | १०० |
| | | छात्र | ६०.९१ | ५० | ७० | ७५ | ७२.२७ | १०० |
| | | जम्मा | ७२.१७ | ७२.७३ | ६७.७१ | ७७.७८ | ८२.६९ | १०० |
| ६ | परीक्षामा अनुत्तीर्ण | छात्रा | १५ | २ | १६ | ३ | ४ | - |
| | | छात्र | १७ | १ | १५ | १ | ५ | - |
| | | जम्मा | ३२ | ३ | ३१ | ४ | ९ | - |
| ७ | बीचैमा कक्षा छाड्ने | छात्रा | ५ | ३ | ६ | ३ | ५ | १ |
| | | छात्र | १३ | १ | १४ | २ | ३ | - |
| | | जम्मा | १८ | ४ | २० | ५ | ८ | १ |

स्रोतः विद्यालय तथ्याङ्क फारम, २०७२

माथिको तालिकाअनुसार देवी उच्च माध्यमिक विद्यालयको समग्र नतिजामा उत्तीर्ण प्रतिशत ६०.८७ रहेको देखिन्छ भने दलित विद्यार्थीहरुको मात्र

उत्तीर्ण प्रतिशत ७२.७३ रहेको छ । त्यसरी नै दुर्गा र पञ्चरत्नको समग्र विद्यार्थी उत्तीर्ण प्रतिशत क्रमशः ६७.७१ र ८२.६९ रहेको देखिन्छ भने दलित विद्यार्थीहरुको मात्र उत्तीर्ण प्रतिशत क्रमशः ७७.७८ र १०० देखिन्छ । यसरी हेर्दा दलित छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको निष्कर्ष निकाल्न सकिन्छ ।

नेपाल सरकारले सबैका लागि शिक्षा २०१५ घोषणा गरी शिक्षाको चेतनाबाट बाहिर रहेका वर्गलाई विभिन्न प्रकारका शैक्षिक सुविधामा वृद्धि गरी आफ्नो उद्देश्यलाई पूरा गर्ने प्रयास गरेको छ । दलित छात्रवृत्ति कार्यक्रम पनि यिनै मध्येको एउटा कार्यक्रम हो । तालिकामा उल्लेखित गरिएका विद्यालयहरूको तथ्याङ्कलाई विश्लेषण गर्दा यही छात्रवृत्तिकै कारण दलित विद्यार्थीहरूको विद्यालय भर्नादर विगत वर्षहरूमा भन्दा वृद्धि भएको हो । किनकि चेतनाहीन, अति विपन्न र पछाडि पारिएका दलित वर्गलाई लक्षित गरी यो कार्यक्रम ल्याइएको हुँदा यसबाट अभिभावकहरूको शैक्षिक चेतनामा वृद्धि भई उमेर पुगेर पनि विद्यालय नपठाएका घरायसी काममा संलग्न नानीहरूलाई उनीहरूलाई आवश्यक पर्ने, पोशाक, झोला, अन्य शैक्षिक सामग्री र नगद सहयोगले विद्यालय भर्ना अभियानमा ठूलो मद्धत पुगेको छ । अब्राहम मास्लो (१९९४) को अभिप्रेरणा सिद्धान्तमा मानिसको सबैभन्दा पहिलो आवश्यकता परिपूर्तिमा प्रेरित भई क्रमशः अन्य आवश्यकताप्रति अघि बढ्ने कुरा व्याख्या गरिए अनुसार दलित बालबालिकाका लागि यो दलित छात्रवृत्ति कार्यक्रम एक कोशेढुङ्गा सावित हुन सकेको छ । यस सन्दर्भमा जिज्ञासा राख्दा ६६% विद्यार्थीहरूको सकारात्मक धारणा पाइयो ।

### ४.२.२ विद्यार्थी नियमितता

सिकाइ उपलब्धिहरू हासिल गरी शैक्षिक गुणस्तरमा वृद्धि गर्न, कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी ल्याउन विद्यार्थी नियमित हुनु पर्दछ । २४ घण्टा मध्ये विद्यार्थीले केवल एक चौथाई अर्थात छ घण्टा समय मात्र विद्यालयमा बिताउने गर्दछ । यसै न्यून समयको अधिकतम् उपयोग गर्दै विद्यालयले विद्यार्थीहरूको शारीरिक, मानसिक र संवेगात्मक विकास गर्दै व्यावहारिक सिप प्रदान गर्नु पर्दछ । एक वर्षका ३६५ दिनहरू मध्ये हिउँदे वर्षे विदा, पर्व विदा, सार्वजनिक विदा, घटाउँदा

विद्यालय खुल्ने दिनहरू सीमित हुँदै जान्छन् । विद्यालयमा विद्यालय खुलेकै अवधिमा शैक्षिक योजनाहरूको निर्माण, अतिरिक्त क्रियाकलापहरूको संचालन, परीक्षा, नामदर्ता आदि क्रियाकलाप संचालन हुँदा विद्यालय खुल्ने दिन २२० दिन र खुद पढाइहुने दिन १८० दिन हुनुपर्ने कुरा शिक्षा ऐन तथा नियमावलीले व्यवस्था गरेको छ । यसरी जम्मा पढाइ हुने वर्षको आधा समयमा पनि विद्यार्थी नियमित रूपमा विद्यालयमा उपस्थित नभएमा उसले निर्धारित समयमा हासिल गर्नुपर्ने ज्ञान, सिप, धारणा विकास गर्न असम्भव हुन्छ । यहाँ यस अध्ययनसँग सम्बन्धित विद्यालयहरूको विद्यालय खुलेको दिन र दलित विद्याथीर्हरूको विद्यार्थी नियमितताको अवस्थालाई प्रस्तुत गरिएको छ ।

तालिका १० : विद्यार्थी उपस्थिति विवरण (शै. वर्ष २०७१)

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | औसत विद्यार्थी उपस्थिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | |
| १ | देवी उ.मा.वि | २१४ | १७८ | १४२ | १४० | केही विदामा पनि पढाइ भएको |
| २ | दुर्गा उ.मा.वि | २११ | १६४ | १२२ | ११८ | |
| ३ | पञ्चरत्न म्रा.वि. | २०९ | १६१ | १३० | १२५ | |

स्रोतः विद्यालयको शैक्षिक तथ्याङ्क विवरण २०७१, विद्यार्थी हाजिरी पुस्तिका, २०७१

माथिको तालिकाअनुसार शिक्षा ऐन नियमावलीले व्यवस्था गरेअनुरुपको २२० दिन विद्यालय खुल्ने अवस्था कुनै पनि विद्यालयमा नभएको देखिन्छ । शैक्षिक वर्ष २०७१ मा देवी उच्च माध्यमिक विद्यालय सबैभन्दा बढी २१४ दिन र पञ्चरत्न माध्यमिक विद्यालय सबैभन्दाकम २०९ दिन खुलेको देखिन्छ भने दुर्गा उच्च माध्यमिक विद्यालय २११ दिन खुलेको छ । पठनपाठन सञ्चालन भएको दिनको अवस्था हेर्दा देवी, दुर्गा र पञ्चरत्नमा क्रमशः १७८ दिन, १६४ दिन र १६१ दिन पठनपाठन भएको देखिन्छ । पठनपाठन भएको दिनको तुलनामा विद्यार्थीको औसत उपस्थिति हेर्दा देवीमा छात्रवृत्ति पाउने १४२ दिन (७९.७८%) र नपाउने १४० दिन (७८.६५%) देखिन्छ भने दुर्गामा छात्रवृत्ति पाउने १२२ दिन (७४.३९%) र नपाउने ११८ दिन (७१.९५%) तथा पञ्चरत्नमा छात्रवृत्ति पाउने १३० दिन (८०.७५%) र नपाउने १२५ दिन (७७.६४%) देखिन्छ । तीनवटै विद्यालयको औसत विद्यालय खुलेको

दिन पढाइ भएको, छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थी र अन्य छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीरूको औसत उपस्थितिदर हिसाब गर्दा निम्नानुसार पाइएको छ :

विद्यालय खुलेको दिन - २११ दिन

पढाइ भएको दिन - १६७ दिन (७९.१५%)

छात्रवृत्ति पाउनेहरूको उपस्थिति दिन - १३१ दिन (७८.४४%)

छात्रवृत्ति नपाउनेहरूको उपस्थिति दन - १२७ दिन (७६.०५%)

शिक्षा ऐन नियमावलीले कम्तिमा २२० दिन विद्यालय खुल्नुपर्ने र १८० दिन पढाइ हुनु पर्ने कानुनी प्रावधान व्यवस्था गरेको भए पनि कुनै पनि विद्यालयहरू सो अनुसार खुल्न सकेका छैनन् र निर्धारण गरिएको दिन जति पढाइ पनि हुन सकेको छैन । यसो हुनुमा विद्यालय स्वयम् भन्दा नेपालको विद्यमान राजनैतिक प्रणाली, कानुनहिनताको अवस्था, राजनैतिक दलहरूको जनता र बालबालिकाप्रति उत्तरदायित्वको अभाव जस्ता पक्षहरू अध्ययनमा बढी जिम्मेवार देखिएका छन् । किनकि बन्द, हड्तालले विद्यालय जस्तो पवित्र एवं विशुद्ध शैक्षिक संस्थालाई नराम्ररी प्रभाव पारेको देखिन्छ । यसको अलावा शोक विदा, विकट भौगोलिकता, लामो अवधिका विदा पछि विद्यार्थीहरू केही दिन विद्यालय नआउनाले यस्तो अवस्थाको सिर्जना भएको देखिन्छ ।

भौगोलिक हिसावले देवी उ.मा.वि. शहरी क्षेत्रमा अवस्थित रहेकाले विद्यालय सञ्चालन तथा उपद्यार्थी उपस्थिति दिन बढी देखिन्छ । दुर्गा उ.मा.वि. अर्ध शहरी क्षेत्रमा रहेकाले खेतीपातीको काममा आंशिक बालबालिकाहरु संलग्न हुने भएके कारण उक्त संख्यामा केही कम रहेको देखिन्छ भने पञ्चरत्न मा.वि. ग्रामीण क्षेत्रमा रहेको कारण खेतीपातीको काममा संलग्न किसानहरू सेवाक्षेत्रभित्र भएको हुँदा विद्यार्थी उपस्थिति कम देखिन्छ । नमुना छनोटमा परेका विद्‌यालयहरुको औसत विद्‌यालय खुलेको दिन २११, पठनपाठन भएको दिन १६७ का आधारमा छात्रवृत्ति पाउने विद्‌यार्थीहरुको औसत विद्‌यालय उपस्थिति १३१ दिन (७८.४४%) र नपाउने विद्‌यार्थीहरुको ओसत विद्‌यालय उपस्थिति १२७ दिन (७६.०५%) देखिनुले दलित छात्रवृत्ति कार्यक्रमले विद्यार्थी नियमिततामा वृद्‌धि गर्न सकारात्मक प्रभाव पारेको प्रष्ट हुन्छ । छात्रवृत्ति प्राप्त गरेपछि केही दिन विद्यालयमा लगातार उपस्थित रहेको कुरा

विद्यालयको हाजिरी अभिलेखले देखाएको हुनाले यसको सही रूपमा उपयोग हुन सकेको छ भन्न सकिन्छ । अतः अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसका आधारभूत आवश्यकताको परिपूर्तिका लागि प्रेरित हुने कुरा प्रमाणित भएको छ भने विकेन्द्रीकरणमा अधिकार स्थानीय क्षेत्रमा प्रत्यायोजन गरी अनुगमन जवाफदेहिता केन्द्रमा निहित भएमा सरोकारवालाहरूमा चेतना र सक्षमतामा वृद्धि भई लक्ष्य हासिल गर्न मद्धत पुग्ने देखिन्छ । किनकि माथिको तथ्याङ्कले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नियमितता अन्य विद्यार्थीहरूको तुलनामा न्यून रूपमा भए पनि बढी भएको देखिएको छ ।

### ४.२.३ दलित विद्यार्थीरूको कक्षोत्तीर्ण अवस्था

विद्यार्थीहरू विद्यालयमा भर्ना भई अध्ययन गर्नुको मुख्य उद्देश्य भनेको पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिहरूलाई अधिकतम रूपमा हासिल गरी कक्षोत्तीर्ण गर्नु हो । एक शैक्षिक सत्रभरि अध्ययन गरेर अधिकतम सिकाइ उपलब्धिहरू हासिल गरी माथिल्लो कक्षा अध्ययन गर्ने क्षमताको विकास गर्नु कक्षोन्नति हो । यसमा कक्षोन्नति गर्ने भिन्न भिन्न विद्यालयले भिन्न भिन्न नीतिहरू अवलम्वन गर्ने गरेको पाइयो । हाल आएर नेपाल सरकारले उदार कक्षोन्नतिको अवधारणालाई अघि सारेको छ । यसमा एक वर्षभरिमा हासिल गर्नुपर्ने सिकाइ उपलब्धिहरूलाई अर्को शैक्षिक सत्रमा हासिल गर्ने गरी माथिल्लो कक्षामा लैजानु पर्नेमा त्यसलाई ख्यालै नगरी माथिल्लो कक्षामा कक्षोन्नति गर्ने गरेको समेत पाइयो । तथापि यसको वास्तविकताका बारेमा व्यापक चर्चा र वहस भने शुरु भइसकेको पाइयो । सबै विद्यालयहरूमा भएको दलित विद्यार्थीहरूको कक्षोत्तीर्ण अवस्थालाई निम्न अनुसारको तालिकाबाट स्पष्ट गरिएको छ ।

तालिका ११ : कक्षोत्तीर्ण दर (२०७०)

| क्र. सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | परीक्षामा सामेल | छात्रा | ६० | ६ | ४६ | ५ | २८ | ३ |
| | | छात्र | ५५ | २ | ५० | ४ | २५ | ६ |
| | | जम्मा | ११५ | ८ | ९६ | ९ | ५३ | ९ |
| २ | परीक्षामा उत्तीर्ण | छात्रा | ४० | ३ | ३० | २ | २० | १ |
| | | छात्र | ३० | १ | ३५ | ३ | १८ | ४ |
| | | जम्मा | ७० | ४ | ६५ | ५ | ३८ | ५ |
| ३ | उत्तीर्ण प्रतिशत | छात्रा | ६६.६७ | ५० | ६५.२२ | ४० | ७१.४३ | ३३.३३ |
| | | छात्र | ५४.५४ | ५० | ७० | ७५ | ७२ | ६६.६७ |
| | | जम्मा | ६०.८७ | ५० | ६७.७१ | ५५.५६ | ७१.७ | ५५.५६ |

स्रोतः विद्यालयको तथ्याङ्क विवरण फारम, २०७१

माथिको तालिकाअनुसार अध्ययन गरिएका विद्यालयहरुमध्ये कक्षेत्तीर्ण दर सबैभन्दा बढी पञ्चरत्न माध्यमिक विद्यालयको (७१.७%) र सबैभन्दा कम देवी उच्च माध्यमिक विद्यालयको (६०.८७%) देखिन्छ। देवी उच्च माध्यमिक विद्यालयमा ६० छात्रा र ५५ छात्र गरी ११५ जना परीक्षमा सामेल भएका मध्ये ४० छात्रा (६६.६७%) र ३० छात्र (५४.५४%) गरी ७० जना (६०.८७%) उत्तीर्ण भएको देखिन्छ। त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ४६ छात्रा र ५० छात्र गरी ९६ जना परीक्षमा सामेल भएका मध्ये ३० छात्रा (६५.६२%) र ३५ छात्र (७०%) गरी ६५ जना (६७.७१%) र पञ्चरत्न माध्यमिक विद्यालयमा २८ छात्रा र २५ छात्र गरी ५३ जना परीक्षमा सामेल भएका मध्ये २० छात्रा (७१.४३%) र १८ छात्र (७२%) गरी ३८ जना (७१.७%) उत्तीर्ण भएको देखिन्छ।

त्यसरी नै दलित विद्यार्थीहरूको उत्तीर्ण दर हेर्दा सबैभन्दा बढी दुर्गा उच्च माध्यमिक विद्यालय र पञ्चरत्न माध्यमिक विद्यालयको (५५.५६%) र सबैभन्दा कम देवी उच्च माध्यमिक विद्यालयको (५०%) देखिन्छ। देवी उच्च माध्यमिक विद्यालयमा ६ छात्रा र २ छात्र गरी ८ जना परीक्षमा सामेल भएका मध्ये ३ छात्रा

(५०%) र १ छात्र (५०%) गरी ४ जना (५०%) उत्तीर्ण भएको देखिन्छ । त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ५ छात्रा र ४ छात्र गरी ९ जना परीक्षमा सामेल भएका मध्ये २ छात्रा (४०%) र ३ छात्र (७५%) गरी ५ जना (५५.५६%) र पञ्चरत्न माध्यमिक विद्यालयमा ३ छात्रा र ६ छात्र गरी ९ जना परीक्षमा सामेल भएका मध्ये १ छात्रा (३३.३३%) र ४ छात्र (६६.६७%) गरी ५ जना (५५.५६%) उत्तीर्ण भएको देखिन्छ ।

तालिका १२ : कक्षोत्तीर्ण दर (२०७१)

| क्र. सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | परीक्षामा सामेल | छात्रा | ६० | ९ | ४६ | ५ | ३० | ४ |
| | | छात्र | ५५ | २ | ५० | ४ | २२ | २ |
| | | जम्मा | ११५ | ११ | ९६ | ९ | ५२ | ६ |
| २ | परीक्षामा उत्तीर्ण | छात्रा | ४५ | ७ | ३० | ४ | २६ | ४ |
| | | छात्र | ३८ | १ | ३५ | ३ | १७ | २ |
| | | जम्मा | ८३ | ८ | ६५ | ७ | ४३ | ६ |
| ३ | उत्तीर्ण प्रतिशत | छात्रा | ७५ | ७७.७८ | ६५.२२ | ८० | ८६.६७ | १०० |
| | | छात्र | ६०.९१ | ५० | ७० | ७५ | ७२.२७ | १०० |
| | | जम्मा | ७२.१७ | ७२.७३ | ६७.७१ | ७७.७८ | ८२.६९ | १०० |

स्रोतः विद्यालयको तथ्याङ्क विवरण फारम, २०७२

माथिको तालिकाअनुसार अध्ययन गरिएका विद्यालयहरुमध्ये कक्षेत्तीर्ण दर सबैभन्दा बढी पञ्चरत्न माध्यमिक विद्यालयको (८२.६९%) र सबैभन्दा कम दुर्गा उच्च माध्यमिक विद्यालयको (६७.७१७%) देखिन्छ। देवी उच्च माध्यमिक विद्यालयमा ६० छात्रा र ५५ छात्र गरी ११५ जना परीक्षमा सामेल भएका मध्ये ४५ छात्रा (७५%) र ३८ छात्र (६०.९१%) गरी ८३ जना (७२.१७%) उत्तीर्ण भएको देखिन्छ। त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ४६ छात्रा र ५० छात्र गरी ९६ जना परीक्षमा सामेल भएका मध्ये ३० छात्रा (६५.६२%) र ३५ छात्र (७०%) गरी ६५ जना (६७.७१%) र पञ्चरत्न माध्यमिक विद्यालयमा ३० छात्रा र २२ छात्र गरी

५२ जना परीक्षमा सामेल भएका मध्ये २६ छात्रा (८६.६७%) र १७ छात्र (७२.२७%) गरी ४३ जना (८२.६९%) उत्तीर्ण भएको देखिन्छ ।

त्यसरी नै दलित विद्यार्थीहरूको उत्तीर्ण दर हेर्दा सबैभन्दा बढी पञ्चरत्न माध्यमिक विद्यालयको (१००%) र सबैभन्दा कम देवी उच्च माध्यमिक विद्यालयको (७२.७३%) देखिन्छ । देवी उच्च माध्यमिक विद्यालयमा ९ छात्रा र २ छात्र गरी ११ जना परीक्षमा सामेल भएका मध्ये ७ छात्रा (७७.७८%) र १ छात्र (५०%) गरी ८ जना (७२.७३%) उत्तीर्ण भएको देखिन्छ । त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ५ छात्रा र ४ छात्र गरी ९ जना परीक्षमा सामेल भएका मध्ये ४ छात्रा (८०%) र ३ छात्र (७५%) गरी ७ जना (७७.७८%) र पञ्चरत्न माध्यमिक विद्यालयमा ४ छात्रा र २ छात्र गरी ६ जना परीक्षमा सामेल भएका मध्ये सबै (१००%) उत्तीर्ण भएको देखिन्छ ।

### ४.२.४ बीचैमा कक्षा छाड्नेदर

पाठ्यक्रममा निर्धारण गरेका सिकाइ उपलब्धिहरू प्राप्त गर्नको लागि पाठ्यक्रममा नै उपयुक्त समय, शिक्षण विधि, प्रक्रिया र सिद्धान्तहरूको समेत व्याख्या गरिएको हुन्छ । निर्धारण गरेको उपलब्धि हासिल गरी माथिल्लो कक्षामा कक्षोत्तीर्ण हुन आवश्यक हुन्छ । कतिपय अवस्थामा विद्यार्थीहरूले कुनै पनि शैक्षिक सत्रलाई पूरा नगरी विद्यालयमा भर्ना भएको केही समय भित्रै आफ्नो अध्ययन प्रक्रियालाई निरन्तरता दिँदैनन् । यही शैक्षिक सत्रको समाप्ति अघि नै कक्षा कक्षा छाड्ने प्रवृतिलाई नै यहाँ कक्षा छाड्नेदरको रूपमा उल्लेख गरिएको हो । बीचैमा कक्षा छाड्नुको विभिन्न कारणहरू हुन सक्छन् । ती मध्ये चतेतनाको अभाव, गरिबी, सिकाइ वा अध्ययनप्रति वितृष्णा, विद्यालयको वातावरण, उपयुक्त परामर्शको अभाव, अनुपयुक्त उमेरमा हुने विवाह र अन्य कारणहरू हुन सक्दछन् । बीचैमा कक्षा छोड्ने दरमा न्यूनीकरण गरी विद्यार्थी नियमिततामा वृद्धि गर्नु पनि छात्रवृत्ति कार्यक्रमको उद्देश्य हो ।

माथि उल्लेख गरिएको यस अध्ययनसँग सम्वन्धित विद्यालयहरूको वीचैमा कक्षा छाड्ने दरलाई तलको तालिकाबाट अझ प्रष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका १३ : कक्षा छाड्नेदर (शै.स. २०७०)

| क्र.सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | जम्मा भर्ना | छात्रा | ६८ | ८ | ५३ | ६ | ३० | ४ |
| | | छात्र | ५९ | ५ | ५६ | ७ | २८ | ७ |
| | | जम्मा | १२७ | १३ | १०९ | १३ | ५८ | ११ |
| २ | बीचैमा कक्षा छाड्ने | छात्रा | ८ | २ | ७ | १ | २ | १ |
| | | छात्र | ४ | ३ | ६ | ३ | ३ | २ |
| | | जम्मा | १२ | ५ | १३ | ४ | ५ | ३ |

स्रोत: विद्यालय तथ्याङ्क फारम, २०७१

माथिको तालिकाअनुसार देवी उच्च माध्यमिक विद्यालयमा ६८ जना छात्रामध्ये ८ जना र ५९ जना छात्रमध्ये ४ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ। त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ५३ जना छात्रामध्ये ७ जना र ५६ जना छात्रमध्ये ६ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ। त्यसरी नै पञ्चरत्न माध्यमिक विद्यालयमा ३० जना छात्रामध्ये २ जना र २८ जना छात्रमध्ये ३ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ।

दलित विद्यार्थीहरूको मात्र कक्षा छोड्ने दर हेर्दा देवी उच्च माध्यमिक विद्यालयमा ८ जना छात्रामध्ये २ जना र ५ जना छात्रमध्ये ३ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ। त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ६ जना छात्रामध्ये १ जना र ७ जना छात्रमध्ये ३ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ। त्यसरी नै पञ्चरत्न माध्यमिक विद्यालयमा ४ जना छात्रामध्ये १ जना र ७ जना छात्रमध्ये २ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ।

तालिका १४ : कक्षा छाड्नेदर (शै.स. २०७१)

| क्र. सं. | विवरण | | देवी | | दुर्गा | | पञ्चरत्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | दलित | कुल | दलित | कुल | दलित |
| १ | जम्मा भर्ना | छात्रा | ६५ | १२ | ५२ | ८ | ३५ | ५ |
| | | छात्र | ६८ | ३ | ६४ | ६ | २५ | २ |
| | | जम्मा | १३३ | १५ | ११६ | १४ | ६० | ७ |
| २ | बीचैमा कक्षा छाड्ने | छात्रा | ५ | ३ | ६ | ३ | ५ | १ |
| | | छात्र | १३ | १ | १४ | २ | ३ | – |
| | | जम्मा | १८ | ४ | २० | ५ | ८ | १ |

स्रोतः विद्यालय तथ्याङ्क फारम, २०७२

माथिको तालिकाअनुसार देवी उच्च माध्यमिक विद्यालयमा ६५ जना छात्रामध्ये ५ जना र ६८ जना छात्रमध्ये १३ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ । त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ५२ जना छात्रामध्ये ६ जना र ६४ जना छात्रमध्ये १४ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ । त्यसरी नै पञ्चरत्न माध्यमिक विद्यालयमा ३५ जना छात्रामध्ये ५ जना र २५ जना छात्रमध्ये ३ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ ।

दलित विद्यार्थीहरूको मात्र कक्षा छोड्ने दर हेर्दा देवी उच्च माध्यमिक विद्यालयमा १२ जना छात्रामध्ये ३ जना र ३ जना छात्रमध्ये १ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ । त्यसरी नै दुर्गा उच्च माध्यमिक विद्यालयमा ८ जना छात्रामध्ये ३ जना र ६ जना छात्रमध्ये २ जनाले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ । त्यसरी नै पञ्चरत्न माध्यमिक विद्यालयमा ५ जना छात्रा र २ जना छात्रमध्ये १ जना छात्रले शैक्षिक सत्र पूरा नगरी बीचैमा पढाइ छोडेको देखिन्छ ।

## ४.३ सिकाइ उपलब्धिमा देखा परेका समस्याहरू

सामाजिकीकरणको मूल प्रवाहबाट बाहिर परेको वर्गका रुपमा शिक्षा र चेतनाको माध्यमले मूल प्रवाहीकरण गर्ने उद्देश्यका साथ लागू गरिएको दलित

छात्रवृत्ति कार्यक्रमले दलित वर्गलाई शिक्षाको मूलधारमा समाहित गरी उनीहरुको शैक्षिक स्तरमा के कति सुधार ल्याउन सक्यो भन्ने यथार्थ अवस्थाको खोज ी गर्नका लागि सम्पन्न गरिएको यस अध्ययनमा सरोकारवाला विविध पक्षहरुसँगको छलफल, अन्तरक्रिया तथा प्रत्यक्ष सम्पर्कबाट संकलित तथ्याङ्क अनुसार दलित छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन पश्चात पनि दलित बालबालिकाको शैक्षिक उपलब्धि प्राप्तिमा निम्नानुसारका समसयाहरु रहेको पाइएको छ :

### ४.३.१ छात्रवृत्ति वितरणको समय अनुपयुक्त हुनु

विद्यदार्थीलाई शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति प्रदान गरिएमा सो छात्रवृत्ति रकमबाट विद्यार्थीहरुले शैक्षिक सामग्री खरिद गर्ने र आफ्नो पठनपाठनमा सहयोग लिने गर्दछन् । प्रायः जसो छात्रवृत्ति रकम शैक्षिक सत्रको अन्ततिर वितरण गर्ने गरेको पाइएकोले छात्रवृत्ति रकम विद्यार्थीको सिकाइ क्रियाकलापमा भन्दा अभिभावकको घरायसी कार्यमा खर्च हुने गरेको कारण यसबाट शैक्षिक उपलब्धिमा कुनै प्रभाव पर्न सकेको देखिंदैन ।

### ४.३.२ अभिभावकमा चेतनाको कमी

दलित अभिभावकहरुले छात्रवृत्ति रकमलाई आफ्नो जातीय अधिकारको रुपमा बुझेको कारण उक्त रकमबाट आफ्ना बालबालिकाको पठनपाठनमा खर्च गर्नुको सट्टा घरायसी काममा र अधिकांशतः फजुल खर्चमा सिध्याएको पाइयो । यसबाट छात्रवृत्ति रकमको उद्देश्य केन्द्रित क्षेत्रमा उपयोग हुन सकेको पाइएन । परिणामतः विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धिमा यसको उपयोग हुनमा बाधा सिर्जना भएको पाइयो ।

### ४.३.३ पारिवारिक आयस्थिति

सामान्यतः दलित वर्गका विद्यार्थीहरु न्यून आय भएका परिवारबाट आउने गरेको पाइयो । विद्यार्थीहरुमा पनि पारिवारिक आर्थिक समस्याका कारण छात्रवृत्तिको रकमबाट आफ्ना बाबुआमाको अलिकति भए पनि समस्या समाधान गर्न सहयोग पुऱ्याउने ध्येय रहेको पाइयो । यसका साथै विद्यालय आउन छोडेर समय समयमा घरायसी काममा व्यस्त रहने प्रचलन दलित विद्यार्थीहरुमा बढी रहेको पाइयो ।

### ४.३.४ उच्च कक्षा छोड्नेदर

दलित विद्यार्थीहरु शैक्षिक सत्रको शुरुमा विद्यालयमा भर्ना हुने तर छात्रवृत्ति वितरण भइसकेपछि विद्यालय आउन छोड्ने प्रचलन देखियो । एउटा विद्यालयको कुनै कक्षामा भर्ना भएको विद्यार्थी छात्रवृत्ति वितरण नहुञ्ज्याल विद्यालय आउने गरेको, छात्रवृत्ति प्राप्त गरेपछि विद्यालय आउन छोडेको र पुनः अर्को शैक्षिक वर्षमा त्यही कक्षामा भर्ना लिएको समेत पाइयो । यसले गर्दा छात्रवृत्ति वितरणबाट सिकाय उपलब्धि वृद्धि गर्न समस्या सिर्जना भएको दखियो ।

### ४.३.५ छात्रवृत्ति नगदमा वितरण गर्ने व्यवस्था

छात्रवृत्ति नगद रकमको रुपमा वितरण गर्ने गरिएकाले उक्त रकमबाट विद्यार्थीको शैक्षिक आवश्यकता परिपूर्ति हुन्छ भन्ने निक्यौल गर्न सम्भव नभएको देखिन्छ । वितरण गरिएको छात्रवृत्तिको उपयोग के काममा भयो भनी अनुगमन गर्ने निकाय तथा व्यवस्था नभएको वर्तमान परिवेशमा छात्रवृत्ति रकमबाट बालबालिकाको शैक्षिक उपलब्धि स्तर वृद्धिको क्षेत्रमा ठोस योगदान पुग्न नसकेको देखियो ।

## ४.४ छात्रवृत्तिको माध्यमबाट सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरू

सामाजिकीकरणको मूल प्रवाहबाट बाहिर परेको वर्गका रुपमा शिक्षा र चेतनाको माध्यमले मूल प्रवाहीकरण गर्ने उद्देश्यका साथ लागू गरिएको दलित छात्रवृत्ति कार्यक्रमले दलित वर्गलाई शिक्षाको मूलधारमा समाहित गरी उनीहरुको शैक्षिक स्तरमा के कति सुधार ल्याउन सक्यो भन्ने यथार्थ अवस्थाको खोजी गर्नका लागि सम्पन्न गरिएको यस अध्ययनमा सरोकारवालाहरुबाट दलित छात्रवृत्ति कार्यक्रमको माध्यमबाट बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्न निम्नानुसारका उपायहरु अवलम्बन गर्नुपर्ने राय व्यक्त भएको छ :

### ४.४.१ शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनु पर्ने

विद्यार्थीलाई शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति प्रदान गरिएमा सो छात्रवृत्ति रकमबाट विद्यार्थीहरुले शैक्षिक सामग्री खरिद गर्ने र आफ्नो पठनपाठनमा सहयोग लिने भएकाले छात्रवृत्ति रकम शैक्षिक सत्रको शुरुमा नै वितरण गर्ने व्यवस्था मलिाइनु पर्ने धारणा सरोकारवालाहरुको रहेको पाइयो ।

### ४.४.२ अभिभावकलाई सचेत बनाउने

दलित अभिभावकहरुले छात्रवृत्ति रकमलाई आफ्ना बालबालिकाको पठनपाठनमा खर्च गर्नुको सट्टा घरायसी काममा र अधिकांशतः फजुल खर्चमा सिध्याउने गरेकाले छात्रवृत्ति रकम वितरण गर्दा अभिभावकको उपस्थितिको व्यवस्था मिलाई सो रकमको उपयोग बारे अभिभावकलाई सचेत बनाउनु पर्ने सरोकारवालाहरुको रहेको धारणा पाइयो ।

### ४.४.३ आयमूलक कार्यक्रमको व्यवस्था

सामान्यतः सामुदायिक विद्यालयमा न्यून आय परिवारका बालबालिकाहरु भर्ना हुने गरेकाले सामुदायिक विद्यालयका बालबालिकाका अभिभावकहरुलार्य आयआर्जन सम्बन्धी लघु तालिमको व्यव्स्था गर्न सके यसबाट अभिभावकको आयस्तर वृद्धि भई विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि हुनेसरोकारवालाहरुको धारणा रहेको पाइयो ।

### ४.४.४ विद्यालय उपस्थितिमा नियमितता

छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले न्यूनतम विद्यालयमा उपस्थित हुनुपर्ने समय तोक्ने गरेमा दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति दर वृद्धि भई यसबाट सिकाय उपलब्धिमा सकारात्मक प्रभाव पर्ने धारणा सरोकारवालाहरुको रहेको पाइयो ।

### ४.४.५ छात्रवृत्तिको रुपमा शैक्षिक सामग्री वितरण गर्ने व्यवस्था

छात्रवृत्तिलाई नगदको रुपमा वितरण नगरी उक्त रकमबाट विद्यार्थीलाई आवश्यक पर्ने सामग्रीहरु जस्तै विद्यालय, पोशाक, कापी, पेन्सिल, कलम आदि वितरण गर्ने गरेमा यसबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने धारणा व्यक्त गरेको पाइयो ।

## ४.५ प्राप्ति

सामुदायिक विद्यालयमा दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयलाई लिएर गरिएको यो अध्ययन झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित माध्यमिक तह सञ्चालन गरेका ३ वटा सामुदायिक

विद्यालयलाई नमुनामा समावेश गरी सङ्कलन गरिएका तथ्याङ्कलाई सांकेतीकरण एवं तालिकीकरण तथा विश्लेषण गरी प्राप्तिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

विद्यालय खुलेको दिन र दलित विद्यार्थीहरुको औसत उपस्थितिको अध्ययन गर्दा शैक्षिक वर्ष २०७१ मा देवी उ.मा.वि. २१४ दिन, दुर्गा उ.मा.वि. २११ दिन र पञ्चरत्न मा.वि. २०९ दिन खुलेको पाइयो। त्यसरी नै देवी उ.मा.वि. मा १७८ दिन, दुर्गा उ.मा.वि. मा १६४ दिन र पञ्चरत्न मा.वि. मा १६१ दिन पढाइ भएको पाइयो। छात्रवृत्ति पाउने दलित विद्यार्थीहरुको औसत उपस्थिति हेर्दा देवी उ.मा.वि. मा १४२ दिन, दुर्गा उ.मा.वि. मा १२२ दिन र पञ्चरत्न मा.वि. मा १३० दिन दलित विद्यार्थीहरुको ओसत उपस्थिति रहेको पाइयो।

कक्षोत्तीर्ण दरको अध्ययन गर्दा शैक्षिक वर्ष २०७० मा देवी उ.मा.वि. को समग्र कक्षोत्तीर्ण दर ६०.८७% र दलित विद्यार्थीहरुको कक्षोत्तीर्ण दर ५०% पाइयो भने दुर्गा उ.मा.वि. को क्रमशः ६७.७१ र ५५.५६% तथा पञ्चरत्न मा.वि.को क्रमशः ७१.७% र ५५.५६% पाइएको छ। शैक्षिक वर्ष २०७१ मा देवी उ.मा.वि. को समग्र कक्षोत्तीर्ण दर ७२.१७% र दलितहरुको ७२.७३% पाइएको छ। दुर्गा उ.मा.वि.को समग्र कक्षोत्तीर्ण दर ६७.७१% र दलितको ७७.७८% पाइएको छ भने पञ्चरत्न मा.वि.को समग्र कक्षोत्तीर्ण दर ८२.६९% र दलितको १००% पाइएको छ। ।

कक्षा छोड्ने दरको अध्ययन गर्दा दलित विद्यार्थीहरुको बीचैमा कक्षा छोड्ने प्रवृत्तिमा शैक्षिक वर्ष २०७० को तुलनामा शैक्षिक वर्ष २०७१ मा कमी आएकोले छात्रवृत्ति कार्यक्रमको कारण विद्यालय नियमिततामा वृद्धि भएको पाइयो।

सिकाइ उपलब्धि वृद्धिमा देखिएका समस्याहरुमा छात्रवृत्ति वितरणको समय अनुपयुक्त भएको, अभिभावकमा चेतनाको कमी रहेको, दलित विद्यार्थीको पारिवारिक आयस्थिति कमजोर रहेको, दलित विद्यार्थीहरुको कक्षा छोड्नेदर उच्च रहेको, छात्रवृत्ति नगदमा वितरण गर्ने व्यवस्था भएकाले छात्रवृत्ति रकमको दुरुपयोग हुने गरेको पाइयो।

पुनरावलोकन गरिएका सिद्धान्तहरु मध्ये जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्त तथा अब्राहम मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्त प्रस्तुत

अध्ययनमा बढी सान्दर्भिक देखिएका छन् । मायोको सिद्धान्त अनुसार बालबालिकालाई माया, सम्मान र सुविधाको माध्यमबाट मूलप्रवाहीकरण गरिनु पर्ने आधारमा दलित छात्रवृत्तिले सम्मान एवं सुविधा दुवै रुपमा कार्य गरेको पाइयो । त्यसरी नै मास्लोको सिद्धान्त अनुसार शारीरिक आवश्यकता परिपूर्तिमा छात्रवृत्ति रकमले सहयोग पुऱ्याएकोले छात्रवृत्ति प्राप्त गरेपछि दलित बालबालिकाको विद्यालय शिक्षामा अवस्था सुधार भएको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

आर्थिक सामाजिक र शैक्षिक हिसाबले पनि समकालीन समुदायमा पछि परेका दलित बालबालिकाहरूलाई यो छात्रवृत्ति कार्यक्रमले शैक्षिक जागरण पैदा गराई समाजको मूल प्रवाहसँग हातेमालो गर्दै अघि बढ्न प्रोत्साहन गरेको छ । बालबालिकहरूलाई मौद्रिक रूपमा दिइने प्रोत्साहन रकमले बालबालिकाको शैक्षिक उपलब्धि वृद्धिभन्दा अभिभावकको आर्थिक समस्या सुल्झाउन बढी मद्धत गर्ने गरेकाले वास्तविक अर्थमा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि गरी उनीहरुलाई अन्य विद्यार्थीसँग प्रतिस्पर्धामा आउन सक्षम बनाउन समय सापेक्ष रुपमा चात्रवृत्तिको परिमाणमा वृद्धि गर्दै विद्यार्थीहरुको आवश्यकता अनुरुपका शैक्षिक सामग्रीहरु यथासमयमा वितरण गर्ने नीति निर्माण गरी कार्यान्वयन गरेमा यो छात्रवृत्ति कार्यक्रम अझ प्रभावकारी बन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझावहरू

यस अध्ययनको व्याख्या, विश्लेषण, प्राप्ति वा निष्कर्षको आधारमा दलित सिकाइ उपलब्धिमा अझ वृद्धि गर्न निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति निर्माण तहका लागि सुझाव

केवल विद्यालयमा भर्ना भएको आधारमा मात्र नभई न्यूनतम शैक्षिक उपलब्धिको मापदण्डलाई छात्रवृत्ति वितरणको आधार मान्ने नीति सरकारले बनाई लागू गर्नु पर्दछ । छात्रवृत्तिबाट प्रोत्साहित भई शैक्षिक स्तरोन्नति गरेका दलित बालबालिकारूलाई उच्च एवं प्राविधिक शिक्षामा समेत निरन्तर रूपमा सुविधा उपलब्ध गराउने नीति बनाइनु पर्दछ । समय सापेक्ष रूपमा बढ्दै गरेको शैक्षिक लागतलाई ख्याल गरी छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्दछ । विभिन्न प्रकारका मापदण्डहरूको व्यवस्था गरी त्यसलाई पूरा गर्न सक्ने बालबालिकालाई उनीहरूले अध्ययन गर्न चाहेको विषय र तहसम्म पूर्ण शैक्षिक लागतको छात्रवृत्ति प्रदान गरी उच्च स्तरको शैक्षिक जनशक्ति उत्पादन गर्ने वातावरणको सिर्जना गर्नु पर्दछ । मौद्रिक वृतिका अलावा उनीहरूलाई आकर्षण गर्न खाजा, शैक्षिक सामग्री आदिको पनि व्यवस्था गरिनु पर्दछ । शैक्षिक क्षेत्रमा काम गरिरहेका अन्य गैर सरकारी संघसंस्थाहरूसँग प्रभावकारी समन्वय गरी वितरण, अनुगमन, मूल्याङ्कनका लागि साझेदारीको विकास गरिनु पर्दछ । आवश्यकताको पहिचान गरी वितरण

प्रक्रियामा सुधार गर्ने अधिकार विद्यालय स्वयंलाई प्रदान गरिनु पर्दछ। यस्ता कार्यक्रमको प्रभावकारी दीर्घकालीन नीति अवलम्वन गर्नु पर्दछ।

### ५.७.२ अभ्यास तहका लागि सुझावहरू

सरोकारवालाहरू सबै वि.व्य.स., शि.अ.संघ, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी सबैलाई यसबारे पूर्ण रूपमा सुसूचित गर्नको लागि सञ्चार माध्यमलाई पनि उपयोग गरिनु पर्छ। परामर्श सेवा, अनुगमन र मूल्याङ्कन प्रणालीलाई निरन्तर र व्यवस्थित बनाइनु पर्छ। विद्यालय स्तरमा पनि चेतानामूलक र सूचनामूलक कार्यक्रमहरूको आयोजना गरिनु पर्दछ। छात्रवृत्ति वितरण गर्दा विद्यालयले आम अभिभावक बोलाई पारदर्शी ढङ्गले वितरण गर्नु पर्दछ। छात्रवृत्ति वितरण प्रक्रियामा नागरिक समाजका प्रवुद्ध वर्गको पनि संलग्नता गराइनु पर्दछ। कोही पनि सुविधाबाट वञ्चित नहुन्, कसैले दोहोरो सुविधा नलियोस् भन्नका लागि एक सबल कार्य संयन्त्रको विकास गरिनु पर्दछ। तथ्याङ्क व्यवस्थापन प्रणालीलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाइनु पर्दछ।

### ५.७.३ अनुसन्धान तहका लागि सुझावहरू

दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको विषयमा थप अध्ययन अनुसधानको लागि निम्नानुसारका अनुसन्धान शीर्षकहरू प्रस्तुत गरिएको छ :

दलित छात्रवृत्ति कार्यक्रमले यथार्थमा पछाडि पारिएका र शिक्षाको मूलधारमा आउन नसकेका वर्गको शैक्षिक सुधारमा पारेको प्रभाव

छात्रवृत्ति कार्यक्रमले दलित विद्यार्थीको विद्यालय भर्नादरमा पारेको प्रभाव

सकारात्मक विभेदीकरणले समावेशीकरणको आन्दोलनमा पार्ने प्रभाव

शिक्षामा सकारात्मक विभेदीकरण र सामाजिक संरचनामा त्यसको प्रभाव

# सन्दर्भ सूची


काफ्ले, वासुदेव र साथीहरू (२०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौं : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६५), *अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

दुलाल, पुण्यप्रसाद (२०६७), *दलित छात्रवृत्ति वितरणबाट गैह्र दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

निरौला, सोमनाथ (२०६५), *एस.एल.सी. परीक्षामा गणित विषयको उपलब्धिले पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

नेपाल सरकार (२०६६), *शिक्षा नियमावली* (सातौं संशोधन), काठमाडौं : कानून किताव व्यवस्था समिति ।

नेपाल सरकार (२०७२), *नेपालको सङ्घीय संविधान,* (अप्रकाशित विद्युतीय प्रति), (www.google.org.np.news बाट साभार), काठमाडौं ।

रावत, बलबहादुर (२०६३), *प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्तिको प्रभावकारिता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

वस्ती, हरिप्रसाद (२०६६), *प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ ।

शर्मा एण्ड शर्मा (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

शर्मा एण्ड शर्मा (२०६२), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

शर्मा, चिरञ्जीवि र निर्मला (२०६४), *शिक्षाको दर्शनशास्त्रीय आधार,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय (२०६४), *सामाजिक न्याय शिक्षा,* काठमाडौं : त्रिभुवन विश्वद्यिालय, कीर्तिपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६०), *लैङ्गिक सांस्कृतिक सचेतना,* तालिम पुस्तिका, भक्तपुर : सानोठिमी ।

CEIR (2007), *A Report on the Effectiveness of the School Level Scholarship and Incentive Programs of the Government of Nepal*, (An Unpublished Research Work), Bhaktapur : Department of Education, Sanothimi.

Koirala, Bidyanath (1996), *Schooling and the Dalit of Nepal*, Case Study of Bungkot Dalit Communty.

Lama, Keshab, *Scholarships Atrtact Dalit Students to School*. (Gorkahpatra) http: //www.gorkhapatra. org.np

Poudel, Lekhnath (2007), *An Analysis of the Education Exclusion of Dalit in Nepal*, Kathamandu.

*http://www.org.np.news*

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# अनुसूची-१

## अध्ययनमा संलग्न जनसंख्या

### स्रोतकेन्द्र

| क्र.सं. | स्रोतकेन्द्रको नाम | समेटेका गा.वि.स. ⁄ न.पा. |
|---|---|---|
| १ | अनारमनी स्रोतकेन्द्र | विर्तामोड न.पा., गरामनी गा.वि.स., गोलधाप गा.वि.स. |

### विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ३ | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु

| क्र.सं. | नाम, थर | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | लक्ष्मीप्रसाद भट्टराई | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | नथुनीलाल राजवंशी | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ३ | होमनाथ न्योपाने | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

### प्रधानाध्यापकहरु

| क्र.सं. | नाम, थर | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | लेखनाथ भट्टराई | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | कृष्णप्रसाद पाठक | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ३ | ज्ञानुनाथ मैनाली | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

## शिक्षकहरु

| क्र.सं. | नाम, थर | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | चिरञ्जिवी श्रेष्ठ | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | धनबहादुर पोखेल | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ३ | रामप्रसाद अधिकारी | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ४ | लक्ष्मण शिवाकोटी | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ५ | चूडामणि न्यौपाने | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| ६ | लक्ष्मण दाहाल | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

## अभिभावकहरु

| क्र.सं. | नाम, थर | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | हरि रसाइली | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | गोमादेवी वि.क. | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ३ | बलबहादुर नेपाली | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ४ | विनोद परियार | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ५ | सुनिता हरिजन | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ६ | महेश्वरी दर्नाल | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ७ | रामलाल डुम | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| ८ | हरिया मल्लिक | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| ९ | शंकर वि.क. | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

**अभिभावकहरु**

| क्र.सं. | नाम, थर | कक्षा | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | सन्तोष परियार | ९ | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| २ | मोनिका दास | ९ | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ३ | कृष्णा खाती | १० | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ४ | गणेश नेपाली | १० | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ५ | सन्तोष परियार | १० | देवी उच्च माध्यमिक विद्यालय | विर्तामोड |
| ६ | बिना लाम्गादे | ९ | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ७ | सोनी हरिजन | ९ | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ८ | सञ्जय वि.क. | ९ | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ९ | रिता कार्कीडोली | १० | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| १० | नरेश दर्नाल | १० | दुर्गा उच्च माध्यमिक विद्यालय | गरामनी |
| ११ | रोशन मल्लिक | ९ | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| १२ | अम्बिका गहतराज | ९ | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| १३ | जनक मण्डल | ९ | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| १४ | सीता रसाइली | १० | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |
| १५ | जीवन त्रिखत्री | १० | पञ्चरत्न माध्यमिक विद्यालय | विर्तामोड |

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची -२

### प्रधानाध्यापकरूको लागि प्रश्नावली

नामः

पदः

विद्यालयको नाम, ठेगानाः

उमेरः

सेवा अवधिः

१. दलित अधिकारबारे सुसूचित हुनुहुन्छ ?

उत्तर :

२. दलित बालबालिकालाई विद्यालयमा आकर्षित गर्न के गरिनु आवश्यक छ ?

उत्तर :

३. दलित छात्रवृत्ति कार्यक्रमले दलितहरूको, शैक्षिक व्यावहारमा के-कस्ता प्रभाव महशुस गर्नुभएको छ ?

उत्तर :

४. छात्रवृत्ति पाउने विद्यार्थीहरूका लागि के-कस्तो वितरण प्रक्रिया अवलम्बन गर्नुहुन्छ ?

- आम अभिभावक भेला बोलाएर
- कक्षागत अभिभावक भेला बोलाएर
- छात्रवृत्ति पाउने अभिभावक मात्र वोलाएर
- विद्यार्थी स्वयम्लाई मात्र बोलाएर

५. जि.शि.का. बाट छात्रवृत्तिको रकम विद्यालयलाई कसरी निकासा हुन्छ ?

- सम्पुर्ण विद्यार्थीरूलाई तोकिए अनुसार
- कोटा नतोकी एकमुष्ट
- प्रति कोटा तोकिए अनुसार नै
- विद्यालयको माग अनुसार

६. छात्रवृत्ति वितरण विद्यालयले कहिले गर्छ ?

- वर्षको शुरुमा
- वर्षको मध्यमा
- वर्षको अन्त्यमा
- नतिजा प्रकाशनको दिन

७. छात्रवृत्ति वितरणले दलित विद्यार्थीहरुको विद्यालय उपस्थितिमा सुधार आएको छ ?

उत्तर :

८. छात्रवृत्ति वितरणले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्तरमा कुनै परिवर्तन आएको छ ?

उत्तर :

९. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिमा कुनै जटिल समस्या महसुस गर्नुभएको छ ?

उत्तर :

११. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न तपाईंका केही सुझाव छन् कि ?

उत्तर :

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची -३

### शिक्षकहरूका लागि प्रश्नावली

नामः

पदः

विद्यालयको नाम, ठेगाना :

उमेर :

सेवा अवधि :

१. कुन कुन कक्षामा कुन कुन विषय शिक्षण गर्नुहुन्छ ?

उत्तरः

२. विद्यालयमा वितरण हुने सबै प्रकारका छात्रवृत्तिहरू बारे जानकार हुनुहुन्छ ?

उत्तर

३. छात्रवृत्तिमा के कस्ता वस्तुहरू वितरण गर्नुहुन्छ ?

नगद पोशाक

स्टेशनरी स्टशनरी र पोशाक दुवै

४. विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा र रकमको पारदर्शिता कस्तो छ ?

पारदर्शिता छ, सूचनापाटीमा टाँसिन्छ केही थाहा छैन

कहिलेकाँहि अलिअलि चर्चा हुन्छ प्र.अ. लाई सबै थाहा होला नि

५. विगत र हाल दलित विद्यार्थीहरूको शैक्षिक व्यवहारमा कुनै परिवर्तन देख्नुभएको छ ? भए कारणहरू के के होलान् ?

उत्तरः

६. छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थीहरूमा विगतमा भन्दा के कस्ता परिवर्तन देख्नुभएको छ ?

नगण्य परिवर्तन भएको छ मनग्य परिवर्तन भएको छ

खासै गरिवर्तन भएको छैन पैसाले अझ विकृति पो बढेको छ

७. दलितहरूलाई विद्यालय शिक्षामा आकर्षण गर्न कुन कार्यक्रम वढी प्रभावकारी होला ?

| | |
|---|---|
| छात्रवृत्ति | विद्यालय खाजा |
| पोशाक र स्टेशनरी सुविधा | उत्कृष्ट हुनेलाई पुरस्कार |

८. छात्रवृत्ति वितरणले दलित विद्यार्थीहरुको विद्यालय उपस्थितिमा सुधार आएको छ ?

उत्तर :

९. छात्रवृत्ति वितरणले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्तरमा कुनै परिवर्तन आएको छ ?

उत्तर :

१०. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिमा कुनै जटिल समस्या महसुस गर्नुभएको छ ?

उत्तर :

११. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न तपाईंका केही सुझाव छन् कि ?

उत्तर :

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची -४

### विद्‍यार्थीहरूका लागि प्रश्न

नाम:

कक्षा:

विद्‍यालयको नाम:

उमेर:

अभिभावकको नाम:

१. बुबा आमा के काम गर्नुहुन्छ ?

उत्तर

२. तपाईंको घरको परिवार सङ्ख्या कति हो ?

उत्तर

३. तपाईंको घरमा विद्‍यालय जाने परिवारका सदस्यरूको सङ्ख्या कति छ ? निजी विद्‍यालयमा जाने कति जना र सामुदायिक विद्‍यालयमा जाने कति जना ?

उत्तर

४. तपाईंलाई चाहिने शैक्षिक सामग्रीहरू तपाईं आफैं जुटाउनु हुन्छ कि बुबा आमाले ?

उत्तर

५. तपाईंले विद्‍यालयबाट छात्रवृत्ति पाउने गर्नुभएको छ ?

उत्तर

६. छात्रवृत्तिको रकम बुबा आमाले अर्च गर्नुहुन्छ वा तपाईं आफैं ?

उत्तर

७. छात्रवृत्तिको रकमले तपाईंको पढाइमा कस्तो सहयोग गरेको छ ?

यसकै कारण सधैं विद्‍यालय जान मौका पाएको छु

शैक्षिक सामग्री किन्न सहयोग मिलेको छ

खासै आर्थिक लाभ नभए पनि पढ्ने हौसला प्राप्त भएको छ

यसको खास केही महत्त्व छैन

८. तपाईंले यो वर्षको छात्रवृत्ति के शीर्षकमा खर्च गर्नुभयो ?

खाजा, खाना

शैक्षिक सामग्री

अलिअलि मैले खर्च गरें अरु बुबाले के गर्नुभयो

सबै पैसा बुबा आमाले के गर्नुभयो, मलाई थाहा छैन

अन्य

९. तपाईंले छात्रवृत्ति पाउनको कारण के होला ?

कक्षामा प्रथम भएकोले

नियमित विद्यालय आउने गरेकोले

दलित विद्यार्थी भएकोले

गरिब परिवारको भएकोले

१०. तपाईंले पाउनुभएको छात्रवृत्ति रकम तपाईंको पढाइको लागि पर्याप्त छ ? छैन भने न्यूनतम कति भए हुन्थ्यो ?

उत्तर :

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची -५

### अभिभावकका लागि प्रश्नावली

नाम:

ठेगाना:

उमेर:

शैक्षिक योग्यता:

विद्यार्थीसँगको नाता:

१. तपाईंका कतिजना छोराछोरी छन् ?

उत्तर

२. विद्यालय जाने उमेर (५ वर्षदेखि १६ वर्षसम्म) का कतिजना छन् ?

उत्तर

३. तपाईंको सबै छोराछोरीलाई विद्यालय पठाउनु भएको छ ?

उत्तर

४. नानीहरुलाई विद्यालय पठाउन तपाईंलाई केले प्ररित गऱ्यो ?

उत्तर

५. नानीहरू पढाउन मासिक कति खर्च लाग्छ ?

उत्तर

६. खर्च कसरी जुटाउनुहुन्छ ?

उत्तर

७. विद्यालयबाट प्राप्त हुने छात्रवृत्तिको रकम के केमा खर्च गर्नुहुन्छ ?

उत्तर

८. छात्रवृत्ति प्राप्त गरेपछि नानीहरू पढाउन केही सुविधा महशुस गर्नुभएको छ ?

उत्तर

९. सरकारले दिने गरेको छात्रवृत्तिप्रति तपाईं सन्तुष्ट हुनुहुन्छ कि कुनै सुधारको आवश्यकता महशुस गर्नुभएको छ ?

उत्तर :

१०. छात्रवृत्ति भाएपछि तपाईंका नानीहरूमा कस्तो परिवर्तन पाउनुहुन्छ ?

पढाइप्रति उत्साहित छन्

विद्यालय नियमित जान चाहन्छन्

खास कुनै फरक भएको छैन

पहिले भन्दा बिग्रिएको छ

११. तपाईंका नानीहरूलाई किन छात्रवृत्ति दिएको होला ?

स्कुल पढाउन नसकेको देखेर

पढाइमा सुधार होस् भनेर

दशैंको लागि लुगा किन्न भनेर

१२. विद्यालयले आयोजना गरेको छात्रवृत्ति वितरण कार्यक्रममा हालसम्म तपाईं कति पटक सहभागी हुनभएको छ ?

एक पटक

दुई पटक

तीन पटक

सहभागी नै भएको छैन

१३. तपाईंको विचारमा छात्रवृत्तिलाई अझै राम्रो बनाउन के के गर्नुपर्ला ?

उत्तरः

## दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची -६

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नामः

विद्यालयको नाम ठेगानाः

अनुभव वर्षः

१. तपाईं विद्यालयमा वितरण गरिने दलित छात्रवृत्ति बारे सुसूचित हुनुहुन्छ ?

उत्तरः

२. विद्यालयको वि.व्य.स.को बैठकमा यस कार्यक्रमको बारेमा छलफल भएको छ कि छैन ?

उत्तरः

३. छलफलमा यसको औचित्य, सबल र दुर्बल पक्षहरूको बारेमा के-कस्ता विचारहरू पाउनुभयो ?

उत्तरः

४. दलित विद्यार्थीहरूलाई छात्रवृत्ति पाइसकेपछि अभिभावकहरूले तपाईंसँग कुनै प्रतिक्रिया व्यक्त गर्ने गर्छन् ?

उत्तरः

५. विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटाको पारदर्शिता कस्तो छ ?

उत्तर

६. छात्रवृत्ति वितरणले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्तरमा कुनै परिवर्तन आएको छ ?

उत्तर :

७. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धिमा कुनै जटिल समस्या महसुस गर्नुभएको छ ?

उत्तर :

८. दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न तपाईंका केही सुझाव छन् कि ?

उत्तर :

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची - ७

### विद्यालय सर्वेक्षण फारम नं.१

### दलित विद्यार्थी को मात्र विवरण

विद्यालयको नाम :

ठेगाना :                                                    शैक्षिक वर्ष :

| क्र. सं. | विवरण | कक्षा ९ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कुल जम्मा भर्ना | | | | | | |
| २ | दलित छात्रवृत्ति प्राप्त गर्ने | | | | | | |
| ३ | परीक्षामा सामेल | | | | | | |
| ४ | बीचैमा कक्षा छाड्ने | | | | | | |
| ५ | परीक्षामा उत्तीर्ण | | | | | | |
| ६ | उत्तीर्ण प्रतिशत | | | | | | |
| ७ | परीक्षामा अनुत्तीर्ण | | | | | | |
| ८ | औसत सिकाइ उपलब्धि | | | | | | |

# दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची - ८

## विद्यालय सर्वेक्षण फारम नं. २

### दलित विद्यार्थी उपस्थिति विवरण

विद्यालयको नाम :

ठेगाना :

शैक्षिक वर्ष :

| कक्षा | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | औसत उपस्थिति दिन | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |